# राष्ट्रिय सामाजिक लेखाजोखा

**प्रतिवेदन**
**११ भदौ २०६७**

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**


**राष्ट्रिय सामाजिक लेखाजोखा**

**सर्वाधिकार** : प्रकाशकमा सुरक्षित

**प्रकाशन मिति** : भदौ, २०६७

**प्रकाशन प्रति** : ५ सय

प्रकाशक : **सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**



फोन नं : ०१-४३६०४८६

E-mail: landrights@csrcnepal.org

## प्रकाशकीय

### सामाजिक लेखाजोखाबारे

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र आफूलाई सामाजिक संस्थाका रुपमा अधिकतमरुपमा लोकतान्त्रिक अभ्यास र संस्थागत सुशासनमा प्रभावकारी बनाउन चाहन्छ । आफ्ना गतिविधि पारदर्शी हुन र आफ्ना कामवाट सृजित नतिजाबारे भूमिअधिकारबाट वञ्चित सरकारी निकाय तथा प्रत्यक्ष वा अप्रत्यक्ष सरोकारावालाप्रति जवाफदेही हुनु जरुरी छ भन्ने विश्वास राख्छ ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले २०६४ सालबाट हरेक आर्थिक वर्ष समाप्त भएपछि राष्ट्रियस्तरमा सामाजिक लेखाजोखा गर्दै आइरहेको छ । यस क्रममा चौथो सामाजिक लेखाजोखा ११ भदौ २०६७ मा सम्पन्न गरिएको छ । सामाजिक लेखाजोखामा भूमिअधिकार आन्दोलनमा संलग्न किसान, भूमिअधिकार कार्यकर्ता, राष्ट्रिय भूमिअधिकार मञ्चका अगुवा, सरकारी अधिकारी, सभासद, उपसभामुख, मन्त्री, सञ्चारकर्मी, दातृ निकायका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजका व्यक्ति र अन्य इच्छुक व्यक्तिहरुको सहभागीता थियो । सामाजिक लेखाजोखाबारे सार्वजनिक सञ्चार माध्यमवाट इच्छुक सबैलाई आमन्त्रण गरिएको थियो ।

सामाजिक लेखाजोखामा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको संस्थागत सुशासन, त्यस अवधिमा सञ्चालित गतिविधि र यसले जनताको जीवनमा पारेको प्रभाव, सो कामका लागि गरिएको खर्च र त्यसका स्रोत, संस्थाले हासिल गरेको वा गर्न नसकेका कुरा र वर्षभरि काम गर्ने दौरानमा भोगेका चुनौती तथा सिकाई उपस्थित सवैलाई जानकारी गराउनुको साथै सवैबाट पृष्ठपोषण लिइएको थियो । साथै सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको संस्थागत मूल्याङ्कन गर्ने स्वतन्त्र विज्ञबाट कार्यक्रम र संस्थागत अवस्था र वार्षिक लेखापरीक्षण गर्ने लेखापरीक्षकवाट वित्तीय व्यवस्थापनका सवल र सुधार गर्नुपर्ने विषयमाथि प्रस्तुत गर्नु भएको थियो ।

संस्थाले काम गर्ने प्रक्रिया, खर्चको पारदर्शिता आदिबारे अधिकारवाला र सरोकारवाला निकाय सबैको आँखाबाट आलोचनात्मक हेराई प्रष्टरुपमा राख्नकै लागि सामाजिक लेखाजोखा आयोजना गरेको थियो । भूमिअधिकार आन्दोलन कुन बाटोमा हिँडाउन सकेमा गन्तव्यसम्म पुऱ्याउन सकिन्छ ? सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले अहिलेभन्दा के/कस्ता नयाँ भूमिका निर्वाह गर्नु जरुरी हुन्छ ? सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र भूमिअधिकार आन्दोलनलाई मार्गनिर्देश गर्ने सबै कुरा खुला हृदयले राखिदिन कार्यक्रममा अनुरोध गरिएको थियो ।

सामाजिक लेखाजोखामा उपस्थित सहभागीबाट सामुदायिक आत्मनिर्भर सेवा केन्द्रबारे प्राप्त सूचना, बुझाई तथा दृष्टिकोणका आधारमा संस्था र भूमिअधिकार आन्दोलनको संस्थागत, कार्यक्रमगत र वित्तीय स्रोत साधन परिचालनका सम्बन्धमा समालोचनात्मक र विश्लेषणात्मक सल्लाह, सुझाव तथा पृष्ठपोषण प्राप्त भएका छन् ।

विगतमा पनि प्राप्त यस्ता सल्लाह र सुझाव सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र भूमिअधिकार आन्दोलनलाई ज्यादै महत्वपूर्ण सावित भएका छन् । सामाजिक लेखाजोखाबाट प्राप्त प्रशंसा, टीकाटिप्पणी र सुझाव विश्लेषण गर्दा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको ध्यान आकृष्ट नभएका कतिपय असल अभ्यास तथा सुधार गर्नुपर्ने पक्षबारे वोध भएको छ ।

सामाजिक लेखाजोखाको निष्कर्षले सरकारी तथा गैरसरकारी क्षेत्रमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र भूमिअधिकार आन्दोलनबारे सकारात्मक सन्देश प्रवाह भएको पायौं, त्यही सकारात्मक सन्देश लिएर सर्वसाधारण, भूमिअधिकारबाट वञ्चितहरु, सरकारी अधिकारी, सञ्चारकर्मी तथा साझेदारहरुको उपस्थितिले भूमि अधिकार आन्दोलनको उपादेयता र आवश्यकतालाई थप प्रमाणित गरिदिएको छ । यसले भूमि अधिकारको आन्दोलनमा लागेका सबैलाई थप हौसला र ऐक्यबद्धता मिलेको छ भने आगामी दिनमा सुधार गर्नुपर्ने पक्षहरुको पहिचानले सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको कामलाई अझ परिष्कृत बनाउने मौका मिलेको छ, सुध्रने अवसर प्राप्त भएको छ । यसले संस्थागत पारदर्शिता, सुशासन र जवाफदेहिताको स्तर र प्रतिबद्धतालाई सुदृढ गरेको छ ।

**- सामुदायिक आत्मनिर्भर केन्द्र**

# सामाजिक लेखाजोखा ११ भदौ, २०६७

## जगत बस्नेत : कार्यकारी निर्देशक, आत्मनिर्भर केन्द्र

कार्यक्रम औपचारिकरुपमा सञ्चालन गर्दैछौं । भूमिसुधार तथा व्यवस्था मन्त्री, संविधानसभाका उपाध्यक्ष, सभासद, समाजकल्याण परिषद्का प्रतिनिधि विभिन्न आन्दोलनमा सहभागी साथीहरु र विभिन्न सरोकारवाला यहाँ हुनुहुन्छ । सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, भूमिअधिकार आन्दोलन र मेरो तर्फबाट हार्दिक स्वागत गर्दछु । भूमिको आन्दोलन लोभको लडाई नभएर अधिकार, स्वतन्त्र र सामाजिक न्यायको लडाई हो । संस्थाले ४ वर्षदेखि सामाजिक लेखाजोखाको अभ्यास गर्दै आएको छ ।

आफूले आफैंलाई पूर्णरुपमा हेर्न सकिन्न तर अरुले औल्याइदिएका कमी-कमजोरी खुला दिलले आत्मसात गर्न सकिन्छ । जसले हामी र आन्दोलनलाई राम्रो तुल्याउन सहयोग गर्छ भन्ने हाम्रो बुझाई हो । भूमिअधिकार आन्दोलन निरन्तररुपमा अगाडि बढिरहेको छ । तर पनि यसमा कमी-कमजोरी छन्, जसलाई हामी आफैं देख्न सकिरहेका छैनौं । त्यसकारण हामी सुधार गर्नुपर्ने र अगाडि बढ्न चाल्नुपर्ने विषयमा यहाँहरुबाट सुन्न चाहन्छौं । सामाजिक लेखाजोखालाई हामीले सामूहिक अनुगमन र मूल्याङ्कनको प्रक्रिया मानेका छौं । यसैले हाम्रो कामले गरिबको जीवनमा के परिवर्तन आयो ? राम्रा काम के गर्दैछौं र सुध्रिनुपर्ने केमा छ ? भन्नेमा छलफल गर्दैछौं ।

सामाजिक लेखाजोखाको प्रक्रिया यहाँमात्र नभएर जिल्ला जिल्लामा पनि भएको छ । हामीसँग सम्बद्ध हरेक स्रोत संस्था र स्रोत केन्द्रले गर्दै आइरहेका छन् । यस सामाजिक लेखाजोखा सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र साझेदारी संस्था र सङ्गठनको जवाफदेहिता र पारदर्शिता र सुशासनको प्रक्रिया पनि हो । आत्मनिर्भर केन्द्र कत्तिको मिसनमा हिँडिराखेको छ भनेर जाँच्ने आधार पनि हो ।

गत वर्ष हामी ४० जिल्लामा पुगेका थियौं भने अहिले त्यो बढेर ५० भएको छ । विक्रम संवत् २०७० सम्म यसलाई ७५ जिल्लामै पुर्‍याउने लक्ष्य लिएका छौं ।





भूमिअधिकार आन्दोलनमा सामाजिक विकास तथा अनुसन्धान केन्द्र बाँके, सोसाईटी वेलफेयर एक्सन नेपाल (स्वान) दाङ, जनचेतना दलित संगम सप्तरी, अभियान नेपाल सुनसरी, ग्रामिण विकास समाज सिन्धुपाल्चोक, सामाजिक विकास तथा वातावरण संरक्षण मञ्च सिन्धुपाल्चोक र राष्ट्रिय भूमिअधिकार मञ्च, नेपाल संग सहकार्य गर्दै अघि बढेका छौ ।

हामीलाई रणनीतिक साझेदारको रुपमा एक्सनएड नेपाल, केयर नेपाल, क्यानेडियन सहायता नियोग, डानीडा हुगो, अक्सफाम, युएनएमसी र आईएलसीले निश्चित कार्यक्रममा सघाईरहेको छ ।

## आन्दोलन तथा उपलब्धि

### १. प्रारम्भ

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (आत्मनिर्भर केन्द्र), आधारभूत मानवीय अधिकारबाट वञ्चित समुदाय विशेषतः सुकुम्वासी, भूमिहीन किसान, मोही, हलिया, हरुवा-चरुवा, मुक्त कमैया र कृषि श्रमिकलगायत् जमिनमा श्रम गर्ने तर आफ्नो जमिन नभएका वा नाममात्रका जमिन भएका वर्गको सामाजिक न्याय, आर्थिक समुन्नति र स्वतन्त्रताको पक्षमा २०४९ सालदेखि काम गरिरहेको छ । भूमिअधिकारबाट वञ्चितको सचेतीकरण र सङ्गठन निर्माण, भूमिअधिकारको पक्षमा समुदायदेखि नीतिगत तहसम्म जनमत बनाउन वकालत र अभियान, भूमिअधिकार हनन्का घटनाको प्रतिरोध, अध्ययन/अनुसन्धान र प्रकाशन, भूमिसुधारका लागि वैकल्पिक खाकाको अभ्यास र बहस संस्थाको मुख्य संलग्नताका क्षेत्र हुन । भूमिअधिकारका लागि बलियो सङ्गठन स्थापना नै आत्मनिर्भर केन्द्र, सहयात्री संस्था र साझेदारहरुको प्रमुख उद्देश्य हो ।

सामाजिक रुपान्तरणका लागि कार्यरत् सङ्घ/संस्था, भूमिअधिकारबाट वञ्चितहरुको सङ्गठन र अन्य सरोकारवालासमेतको सहकार्यमा जारी भूमिअधिकार आन्दोलनबाट भूमिको असमान वितरण र अवैज्ञानिक व्यवस्थापनका कारण सिर्जित शक्तिबिहीनता, गरिवी, शोषण, आर्थिक विपन्नता र अन्याय कम गर्न केही हदसम्म योगदान पुगेको छ । भूमिअधिकारलाई मानवअधिकारको फराकिलो आयामबाट बुझ्न र

बहसमा ल्याउन सघाएको छ । खाद्य सुरक्षा, सुरक्षित आवास, न्याय र दिगो शान्ति स्थापनाका लागि भूमिसुधारको अभिन्न महत्व रहने विषयमा जनमत बनेको छ ।

## २. मुख्य अभियान र उपलब्धि

२.१ यस वर्ष ४६४ स्थानमा गाउँ भूमिअधिकार मञ्च निर्माण भई ११,९७१ (महिला ७२५४) सदस्य सङ्गठित भएका छन् । जसमा दलित र जनजातिको सङ्ख्या अधिक छ । यी सङ्गठनमार्फत् भूमिअधिकारबाट वञ्चितहरुको स्वर बलियो हुँदै गइरहेको छ । सङ्गठनका कारण अरुसँग सौदावाजी गर्न, आफ्नो गन्तव्य आफैं तय गर्न मद्दत पुगेको छ । राष्ट्रिय भूमिअधिकार मञ्चको ३० जिल्लामा जिल्ला भूमिअधिकार मञ्च, ९ जिल्लामा तदर्थ समिति र ११ जिल्लामा सम्पर्क स्थापित छ । यस वर्षसमेत राष्ट्रिय भूमिअधिकार मञ्चको गाउँ सङ्गठन १८९२ पुगेको छ । साथै आन्दोलन ५० जिल्लामा फैलिएको छ ।

२.२ संविधानमा भूमिसुधार गर्ने कुरा लेखिएको छ र क्षतिपूर्ति दिने वा नदिने भन्ने विषय कानुनबमोजिम हुने किटिएको छ । भूमिअधिकारबाट वञ्चितहरुले भने भूमिको पुनर्वितरण गर्न न्यायिक हदबन्दी तोकी त्यसभन्दा बढी जग्गाको क्षतिपूर्ति दिन नहुने अडान राख्दै आएका छन् । संविधानमा भूमिअधिकारको मुद्दा यथोचित सम्बोधनका लागि समुदायदेखि नीतिगत तहसम्म सङ्गठितरुपमा छलफल, बहस, भेटघाट, दबाबमूलक अभियान, अडानको लिखित पेश आदि प्रयास भएका छन् । भूमिमा श्रम गरिरहेकाको आफ्नै भोगाई संविधानसभा सदस्यसमक्ष पुऱ्याउन तीन समूहमा पूर्व र पश्चिमका ९ जिल्लामा अन्तर्क्रिया र बृहत् सभा गरिएको थियो । अभियानमा उपसभामुखसहित १५ सभासद्, दलका केन्द्रीय नेता, नागरिक अगुवा, प्राज्ञिक व्यक्तित्व, सञ्चारकर्मी, तथा भूमिअधिकारकर्मीको सहभागिता थियो । यसपछि काठमाडौंमा पनि बृहत् अन्तर्क्रिया गरिएको थियो ।





२.३ ५७२ परिवारले कमाइरहेकोमध्ये आधा जग्गाको हक लिएका छन् । पाएको जग्गाको क्षेत्रफल ३४४ हेक्टर (५१६ विघा) छ । जग्गा पाउनेमा ९९ महिला र ६७ दलित छन् । उनीहरुले पाएको जग्गाको क्षेत्रफल क्रमश: १०३ र ६७ विघा छ । यस अवधिमा ७ जिल्लाका ७१८ सुकुम्वासी परिवारले प्रयोगमा नआएको ६९ विघा जग्गामा खेती गरेका छन् । सप्तरीमा भूमिहीन सुकुम्वासीले १०४ हेक्टर सामुदायिक वन दर्ता गरेका छन् । यसबाट उनीहरुले ४ लाख रुपैयाँ बराबरको आम्दानीसमेत गरिसकेका छन् ।

२.४ भूमिहीन महिलाका १३ वटा सहकारी निर्माण भएको छ । जसमा १०८७ भूमिहीन महिला सदस्य छन् । त्यस्तै १३ सङ्गठनका २६० परिवार कृषि उद्यममा संलग्न छन् । यस्तो उद्यमका लागि उनीहरुले मोहीको हकवापत पाएको जग्गा, ऐलानी जग्गा र सार्वजनिक पोखरी उपयोग गरेका छन् । समुदाय र गाविस तहमा कृषि श्रमिकको ज्याला बढाउनका लागि आन्दोलन भएका छन् । यसबाट पर्वत, दाङ, महोत्तरी, सिरहा, कैलालीलगायत्का जिल्लामा ज्याला वृद्धि भएको छ ।

२.५ गाउँ भूमिअधिकार मञ्चहरुले आर्थिक वर्ष २०६६/०६७ मा गाविस र अन्य निकायसँग समन्वय गरी रु.२,२१९,००० स्रोत प्राप्त गरेका छन् । यो स्रोतलाई सङ्गठन सुदृढीकरण, भौतिक विकास र कृषि उत्पादन तथा उत्पादकत्वमा लगानी गरिएको छ । यसैगरी ४७६ गाउँ भूमिअधिकार मञ्चले रु.७९६,२९५ आन्दोलन कोष जम्मा गरेका छन् । गाउँ भूमिअधिकार मञ्चलाई दिगो बनाउन यसले सहयोग पुग्नेछ ।

२.६ भूमिअधिकार आन्दोलनको दबाबस्वरुप गठित उच्चस्तरीय भूमिसुधार आयोग सरकार फेरिएपछि विघटन भई वैज्ञानिक भूमिसुधारसम्बन्धी अर्को उच्चस्तरीय आयोग बन्यो । दुवै आयोगमा राष्ट्रिय भूमिअधिकार मञ्चको सहभागिता थियो । पछिल्लो आयोगले सरकारलाई बुझाएको प्रतिवेदनमा आन्दोलनले अघि सारेका केहीबाहेक अन्य विषय सम्बोधन

भएका छन् । आयोगको प्रतिवेदन सार्वजनिक गरी कार्यान्वयनमा लैजान निरन्तर दबाब दिइरहे पनि प्रतिवेदन सार्वजनिकसम्म हुन सकेको छैन । समुदाय र जिल्ला भ्रमण, छलफल, राष्ट्रिय तहका छलफल र प्रतिवेदन लेखनमा आन्दोलनका तर्फबाट महत्वपूर्ण सहयोग पुऱ्याइएको थियो । जिल्ला भूमिअधिकार मञ्चहरुले लिखितरुपमा सुझाव दिएका थिए । त्यस्तै गठित सुकुम्वासी समस्या समाधान आयोगसँग पनि जिल्ला र राष्ट्रिय तहमा निश्चित विषयमा सहकार्य भइरहेको छ ।

२.७ विर्ता जग्गा वास्तविक किसानको नाममा दर्ता गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको छ । यसका लागि रसुवा र सिन्धुपाल्चोकमा करिव ९ सय किसानले निवेदन पेश गरेका छन् । सिन्धुपाल्चोकको गुठी समस्या समाधान, नवलपरासी, कपिलवस्तु र रुपन्देहीको उखडा समस्या समाधान र भूमिमा महिला र पुरुषको संयुक्त लालपूर्जा जारी गर्न कर छुटका लागि पनि भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा प्रस्ताव तयार भई अर्थ मन्त्रालयमा बजेट स्वीकृतिका लागि पठाइएको छ तर निर्णय हुन सकेको छैन । यस विषयमा दबाब दिने काम भइरहेको छ । सिन्धुपाल्चोकका ५५ किसानले संयुक्त जग्गाधनी पूर्जा बनाउन मन्त्रालयमा निवेदन दिएका छन् ।

२.८ भूमिमा महिला अधिकारको ११ दिने पदयात्रा दाङको तुलसीपुर, बाँकेको कोहलपुर र कञ्चनपुरको भीमदत्तनगरबाट एकै पटक अन्तर्राष्ट्रिय नारी दिवस मार्च ८ (२०६६ फागुन २४) बाट सुरु भएको थियो । ११ दिनको यस पैदल यात्रामा ३३७ जना महिला र ४० जना पुरुष सहभागी थिए । यात्राका क्रममा विभिन्न गाउँ, सहर, सदरमुकाम, विद्यालय, कलेज हुँदै करिब ६० हजार व्यक्तिसँग भूमिमा महिला अधिकारबारे छलफल भएको छ । यात्रा गाउँका महिलाको वास्तविकता उजागर गर्न, गाउँ-गाउँमा भूमिमा महिला अधिकारबारे जागरण ल्याउन, महिला र गरिबमाथि भएको अन्यायविरुद्ध आवाज उठाउन र परिवर्तनको आशा जगाउन





महत्वपूर्ण सावित भयो । समापन समारोहमा यात्रीले समुदायका आवाज र माग संविधानसभाका उपाध्यक्षलाई बुझाएका थिए भने त्यसको प्रति संविधानसभाका सबै सदस्यलाई उपलब्ध गराइएको थियो ।

२.९ भूमिअधिकारका लागि देशका ५० जिल्लामा दर्जनौं अभियान भएका छन् । सिरहा र सप्तरीमा हरुवा-चरुवाले बास र खेतीका लागि भूमि, ऋण खारेजीलगायत्का माग पूरा गराउन जिल्ला प्रशासन कार्यालयमा ११ दिन धर्ना दिएका थिए ।

२.१० खाद्य दिवसको सन्दर्भ पारेर लोकलाई भोकमुक्त गरौं र जागौं उठौं अभियानअन्तर्गत भोक र गरिबी अन्त्यका लागि भूमिअधिकार गरौं भन्ने विषयमा देशव्यापी अभियान भयो । यस अभियानमा १५ हजारभन्दा बढीको सहभागिता भयो । विश्व खाद्य दिवसको सन्दर्भ पारी २९ असोजमा ९ जना सभासद्सहित ६० जनाको उपस्थितिमा भोकाएकाहरुले सभासद्हरुसँग आफ्ना समस्या बुझिदिन अनुरोध गरेका थिए ।

२.११ क्षेत्रीय तथा राष्ट्रिय ११ स्थानमा र १०९ स्थानमा जिल्लास्तरीय छलफल भए । यी छलफलमा ७०८७ जनाको सहभागिता थियो । यसले भूमिसुधारका विविध मुद्दामा बहस बढाउन मद्दत पुगेको छ । राजनीतिक दलका नेता, संविधानसभाका विषयगत समिति, विभिन्न आयोग, नीति निर्मातासँगको निरन्तर सम्वादले राज्यसँग सम्वादात्मक सम्बन्ध स्थापित गरेको छ । यसले नीतिगत तहमा हस्तक्षेप र नीति निर्माण तहमा प्रभाव पार्न बल पुगेको छ । यसबाट भूमिअधिकारका सवाललाई मूल प्रवाहीकरण गर्न सहयोग पुगेको छ ।

२.१२ भूमिसुधारका व्यावहारिक सोचाइलाई समुदायमा अभ्यास गर्ने उद्देश्यले सामुदायिक भूमिसुधार अभ्यास ५ जिल्लाका ५ गाविसमा थालिएको छ । यसले समुदायबाट भूमिसुधार सम्भव छ भन्ने कुरा अगाडि बढाइरहेको छ । यस कार्यक्रममा ५७४५ परिवार संलग्न छन् ।

२.१३ नियमितरुपमा १८६ जना अभियानकर्ता (८० महिला, ४९ दलित) सङ्गठनको छलफल, योजना निर्माण र कार्यान्वयनमा क्रियाशील छन् । यी प्रत्येकले १० सङ्गठनको सहजीकरण गरिरहेका छन् । २५१ भूमि सिकाई केन्द्र सञ्चालन भइरहेका छन् । सिकाई केन्द्रमा ६५५४ जना सहभागी आफ्ना सवालमा छलफल, स्थानीय तहमा योजना निर्माण र कार्यान्वयन, अधिकारको दाबी आदि कार्य गर्दछन् । देशभरका सङ्गठनमा १२०० भन्दा बढी अगुवा क्रियाशील छन् । यिनीहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न विषयमा तालिम, अभियानकर्ताको राष्ट्रिय भेला, गाउँ शिविर गरिएका छन् ।

२.१४ मोही बेदखली, वन कार्यालयको ज्यादति, बस्ती उठाउने, सुकुम्वासी बस्तीमा आगो लगाइदिने आदि भूमिअधिकार हननका घटनाको सङ्गठित प्रतिरोध गरिएको छ । यसबाट बेदखलीमा परेका केही किसानले पुनः जग्गा कमाउन पाउने अवस्था बन्यो । अधिकार हननका घटनाविरुद्ध शिविर, भेला, सभा, पैदल एवम् साइकल यात्रा, डेलिगेसन, पत्रकार सम्मेलन आदि गरी प्रतिरोध र अधिकारका विषयमा सचेतना बढाउने काम भएको छ ।

२.१५ भूमिअधिकारका विभिन्न विषयमा गरिएको अध्ययन, अनुसन्धान, प्रकाशन र परिवेश विश्लेषणबाट भूमिअधिकारका सवाललाई गहिरिएर बुझ्न र अभिलेखन गर्न सहयोग पुगेको छ । यसको प्रकाशन र प्रसारमार्फत् ज्ञान निर्माण प्रक्रिया मजवुत बनेको छ । यसले अधिकारकर्मीहरुको क्षमता वृद्धि हुनुका साथै नीति निर्माणमा समेत सकारात्मक प्रभाव परेको छ ।

२.१६ आत्मनिर्भर केन्द्रले आइडिएस बेलायतबाट फारमर्स भ्वाइस एवार्ड र लाइटेनर सेन्टर फर ह्युमन राइट्स एण्ड इन्टरनेसनल जष्टिस, फारदम विश्वविद्यालय अमेरिकाबाट मानवअधिकार एवार्ड प्राप्त गरेको छ । भूमिअधिकार आन्दोलनको अन्तर्राष्ट्रिय सहकार्य, सञ्जाल निर्माण प्रक्रिया





बढिरहेको छ । यसले भूमिअधिकार आन्दोलनलाई अन्तर्राष्ट्रियकरण गराउनुका साथै ऐक्यबद्धता निर्माणमा सहयोग पुगेको छ । जुन आगामी दिनमा अझ मजवुत बनाउने सोचाई लिइएको छ ।

## ३. सिकाई

३.१ भूमिअधिकार आन्दोलनले भूमिअधिकारबाट वञ्चितलाई सचेतीकरण गर्दै देशव्यापी सङ्गठन निर्माण गरेको छ । भूमिसुधारलाई सामाजिक न्याय, आर्थिक विकास र गरिवी निवारणको मूल आधारका रुपमा उठाएको छ । तर राजनीतिक र सरकारको प्रतिबद्धताविना जे कुरा स्वीकार गरिएको छ, त्यो व्यवहारमा आउन सकेको छैन । कार्यान्वयनका लागि नीतिगत व्यवस्था, प्रतिबद्ध सरकार र राजनीतिक प्रतिबद्धता आवश्यक छ ।

३.२ भूमिसुधारका लागि स्थानीय परिवेश विश्लेषण र खाका निर्माणको कामले सवाल र आन्दोलनलाई गहिराउन सघायो । समुदायबाट भूमिसुधारको महत्व र महसुसीकरण बढायो । विभिन्न व्यावहारिक उपाय स्वयम् समुदायले सुझाए । यसले भौतिक स्रोतमा मात्र हैन, विचार पनि थैलामा ल्याएर दिए हुन्थ्यो भन्ने मानसिकता कम गऱ्यो ।

## ४. चुनौती

४.१ छिनछिनमा बदलिने सरकार र सानो दलले भूमिसुधार तथा व्यवस्था मन्त्रालयको जिम्मा पाउने परिस्थितिमा भूमिसुधारको काम गर्न गाह्रो भएको छ । केही दलले भूमिसुधारको कुरा जानाजान सुन्न चाहेका छैनन् ।

४.२ जनसङ्गठनको दिगोपना र लोकतान्त्रिकीकरण, वञ्चित-बाहेकमा बहस र सचेतनाको घेरा अन्य चुनौती हुन् ।

**मोहनमर्दन थापा, कार्यक्रम समीक्षक**

हामीले सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र उसका सहयात्री सङ्गठन र संस्थाले वर्षभर गरेका कार्यक्रम मूल्याङ्कन गरेका थियौं । आत्मनिर्भर केन्द्र, भूमिअधिकार आन्दोलनलाई सहयोग गर्ने सङ्घ-संस्था र परामर्शदाता मिलेर यो वार्षिक समीक्षा गरिएको थियो । यस कार्यक्रममा उपलब्धि, सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष र चुनौती के छ भन्ने हेरियो । वार्षिक योजना र लक्ष्य तुलना गरियो ।

राष्ट्रिय भूमिअधिकार मञ्चको देशव्यापी पहुँच र संस्थागत क्षमता ५० जिल्लामा भन्दा बढी भएको देखियो । अभियानकर्ताको धेरै ठूलो जमात सिर्जना भएको छ, जो प्रतिबद्ध छन् । जसले तालिम पनि प्राप्त गरेका छन् । भूमिअधिकार आन्दोलनमा भूमिहीन, किसानको ठूलो पहिचान र अपनत्व पाईन्छ । आन्दोलन हाम्रो आफ्नै हो भन्ने भावनाले अगाडि बढिरहेको देखियो ।

समुदायमा कार्यरत् अभियानकर्तालाई नीतिगत तहमा सघाउन सङ्घ-संस्था र त्यसका व्यक्ति लागिरहनुभएको छ, उनीहरुलाई हाम्रा माग समाधान होलान् भन्ने आशामा छन् । यो ठूलो सवाल हो । यसलाई सम्बोधन गर्ने कसरी ? आत्मनिर्भर केन्द्रले भूमिअधिकारको क्षेत्रमा धेरै विश्वसनीयता आर्जन गरेको छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा राम्रो पहिचान बनाएको छ । भूमिअधिकार आन्दोलनलाई सहयोग गर्ने अन्तर्राष्ट्रिय सङ्घ-संस्थाले आत्मनिर्भर केन्द्रलाई ५ वर्षे रणनीति पत्रअनुसार प्राविधिक र आर्थिक दुवै सहयोग उपलब्ध गराईरहेका छन् । यो अर्को बलियो पक्ष हो । आफ्नो लक्षित वर्ग र साझेदारप्रति धेरै जवाफदेही र पारदर्शिता सुनिश्चित गरेको देखिन्छ ।

विशेषगरी गैसस र मञ्चबीच तालमेल सुधार गर्नुपर्ने देखिन्छ । जिल्ला भूमिअधिकार मञ्च र गाउँ भूमिअधिकार मञ्चबीच पनि सम्बन्ध अझै बढाउनुपर्ने देखिन्छ । जिल्लामा भएका आन्दोलनपछिका सहमति र सम्झौताका कुरा प्रभावकारीरुपमा गाउँमा पुगेका छैनन् । गाउँ भूमिअधिकार मञ्च परिचालनमा अझै व्यवस्थित र प्रभावकारी कदम खाँचो छ । राष्ट्रिय भूमिअधिकार मञ्चको पहुँच पुगेका जिल्लामा पनि नयाँ सदस्य बनाउने र नवीकरण गर्ने काम न्युन देखिन्छ ।





भूमिअधिकारबाट वञ्चितका लागि कानुनी सहयोग पनि पुगेको छैन र यो विषयमा अभियानकर्तामा पनि ज्ञान बढाउनुपर्ने देखिन्छ ।

भूमिअधिकार मञ्च राष्ट्रियस्तरमा वकालत गर्ने, नीति निर्माणको काममा सहयोग पुऱ्याउने कार्यमा आत्मनिर्भर केन्द्रमा बढी निर्भर देखिन्छ । राजनीतिक पार्टी र सरकारले सम्झौता गर्ने तर कार्यान्वयन नगर्ने स्थिति आन्दोलनको मुख्य चुनौती देखिन्छ । सरकारी तवरबाट भूमिसुधारको काम रत्तिभर अघि बढेको छैन । वैज्ञानिक भूमिसुधारसम्बन्धी उच्चस्तरीय आयोगले सरकारलाई प्रतिवेदन बुझाइसकेको भए पनि सार्वजनिकसम्म गरेको छैन । यसको कार्यान्वयन नै आन्दोलनको अबको प्राथमिकताको विषय हुनुपर्दछ ।

भूमिअधिकार आन्दोलनमा लागिपरेकामा जमिन पाइन्छ भन्ने आशा छ तर यसका लागि समय लाग्ने देखिन्छ । जुन आशा तुरुन्तै पुरा गर्न सकिँदैन । यो विषयलाई के गर्ने भन्ने अर्को चुनौती छ । भूमिअधिकार मञ्चको ठूलो जमात सशक्तरुपमा खडा भएको अवस्थामा यहाँ दलगत राजनीतिकरण होला भन्ने चुनौती छ ।

आन्दोलन हाँक्दा सबैलाई मिलाएर कसरी लैजाने ? कसरी व्यवस्थापन गर्दै लैजाने भन्ने सवाल पनि कठिन छ । अभियानकर्ताको जमात ठूलो छ । यो जमातलाई भूमिअधिकार आन्दोलनमै लागिरहन के गर्नुपर्ला ? नत्र अन्य संस्थाले तान्न सक्छ । भूमिअधिकार आन्दोलन एक पक्षको वा दुई पक्षको मात्र होइन, यसमा धेरै साझेदार छन् । यो आन्दोलनमा धेरैको अपनत्व बढेर गएको छ । अर्को नीति निर्माताले पनि यसलाई गहनरुपमा लिन थालेका छन् ।

भूमि आयोगको प्रतिवेदन सार्वजनिक गराउन अब गाउँदेखि राष्ट्रिय तहसम्म आन्दोलन हुनुपर्ने देखिन्छ ।

**पुष्कर आचार्य : प्रशासन तथा वित्त संयोजक, आत्मनिर्भर केन्द्र**

आत्मनिर्भर केन्द्रले ५ वर्षे रणनीति अनुरुप कार्य गरिरहेको छ । रणनीतिक साझेदारहरुबाट बास्केट फण्डअन्तर्गत सहयोग प्राप्त भएको छ । आर्थिक वर्ष २०६६/६७ मा भएको आम्दानी तथा खर्चको अवस्था यस्तो छ-

## १. कार्यक्रमअन्तर्गत प्राप्त आम्दानी र खर्चको अवस्था

| सहयोगी संस्था | प्राप्त रकम रु. | खर्च रकम रु. | मौज्दात रकम रु. |
|---|---|---|---|
| बास्केट फण्ड (Basket Fund )* | ४३,७५७,०६६.७२ | ३५,७५१,८३०.५९ | ८,००५,२३६.१३ |
| अन्तर्राष्ट्रिय भूमि सञ्जाल (ILC) | १,८७७,४८०.९५ | १,२५६,५१६.७४ | ६२०,९६४.८० |
| **जम्मा** | **४५,६३४,५४७.६७** | **३७,००८,३४६.७४** | **८,६२६,२००.९३** |

*सन २००९ बाट Actionaid Nepal, Care Nepal, CCO/CIDA, DanidaHUGOU, Oxfam GB र UNMC/MDG ले संयुक्तरुपमा बास्केट फण्डिङ पद्दतिमा सहयोग गरिरहेका छन् ।

## कार्यक्रम खर्च

| कार्यक्रम खर्चको मुख्य शीर्षक | खर्च रकम रु. | % |
|---|---|---|
| अधिकारग्राही समुदायको सङ्गठन निर्माण, सवलीकरण, परिचालन, पूर्णकालीन कार्यकर्ता र अभियान (नतिजा १) | १४,४५९,०३५ | ५२% |
| नीतिगत छलफल, बहस, अन्तर्क्रिया, जनमत निर्माण, तालिम, शिविर, जनमुखी शिक्षा (नतिजा २) | ४,३४०,४०४ | १५% |
| नवउदारवादी र नाफामुखी संस्थाहरुको भूमिसम्बन्धी कामको निगरानी, सचेतता र प्रतिरोध (नतिजा ३) | १४७,८०० | १% |
| सिकाईको अभिलेखन, ज्ञान निर्माण र आदान-प्रदान, अध्ययन/अनुसन्धान, समुदायमा आधारित भूमिसुधारको अभ्यास प्रकाशन, सञ्चार परिचालन, स्रोत केन्द्र | ७,१२०,७३७ | २५% |





| | | |
|---|---|---|
| स्थापना (नतिजा ४) | | |
| भूमिमा महिला अधिनत्वका लागि अभियान ( नतिजा ५) | १,०९५,८९९ | ४% |
| अनुगमन तथा मूल्याङ्कन | ८६०,४९० | ३% |
| **जम्मा** | **२८,०२४,३५५** | १००% |

## व्यवस्थापन तथा प्रशासनिक खर्च

| व्यवस्थापन प्रशासनिक तथा पुँजीगत खर्चको मुख्य शीर्षक | खर्च रकम रु. | % |
|---|---|---|
| कर्मचारी तलव तथा सुविधा | ४,४००,३७७ | ४९% |
| यातायात | २८२,८४१ | ३% |
| भ्रमण र बास खर्च | १९४,८१७ | २% |
| कार्यालय व्यवस्थापन | १,३०२,७१९.७४ | १५% |
| पुँजीगत खर्च (सवारी साधन, कम्प्युटर, फोटोकपी मेशिन, फर्निचर) | २८,०३,२३७ | ३१% |
| **जम्मा** | **८,९८३,९९१.७४** | १००% |

## जम्मा खर्च

| कार्यक्रम खर्च | पुँजीगत खर्च | व्यवस्थापन तथा प्रशासनिक खर्च | जम्मा खर्च |
|---|---|---|---|
| २८,०२४,३५५ | २,८०३,२३७ | ६,१८०,७५४.७४ | ३७,००८,३४६.७४ |
| ७६% | ७% | १७ % | १००% |

## संस्थागत तर्फ

### (क) आम्दानी (आर्थिक वर्ष २०६६/६७)

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | **ओभरहेड आम्दानी (अन्तर्राष्ट्रिय भूमि सञ्जाल) आइएलसी** | **२११,५८५.३८** |
| २ | **प्रोजेक्ट सर्भिसबाट आम्दानी** | **८,०५,८४३.७७** |
| ३ | **कार्यक्रम सम्पन्न भई बाँकी रहेको** | **१,१७,८२३.००** |

| | रकम फिर्ता गर्नु नपर्ने | |
|---|---|---|
| ४ | **सदस्यता शुल्क (नवीकरण)** | **५,५००.००** |
| ५ | **ब्याङ्क ब्यालेन्सबाट आएको ब्याज** | **८३३.९३** |
| ६ | **स्रोत केन्द्रबाट आम्दानी (बास, हल, अफिस भाडा आदि)** | **५,७२,३८०.००** |
| ७ | **विविध आम्दानी** | |
| ७.१ | पुस्तक तथा प्रतिवेदन बिक्री, पुराना पत्रिका, ट्राभल्स तथा प्रेसबाट आम्दानी | १३१,२५३.०० |
| ८ | **सहयोग** | **७८३३०.००** |
| | **जम्मा आम्दानी** | **१,९२३,४५९.०८** |

## (ख) खर्च (आर्थिक वर्ष २०६६/६७)

| क्र.सं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | संस्था नवीकरण खर्च | १,६२० |
| २ | सञ्चार खर्च | ७,००० |
| ३ | लेखापरीक्षण खर्च | ६५,००० |
| ४ | आवास क्षेत्र व्यवस्थापन खर्च | ६,००० |
| ५ | आवास क्षेत्र तथा कार्यालय सुरक्षा व्यवस्थापन | २,००० |
| ६ | इन्सुरेन्स प्रिमियम (भूमिघर) | १५,२५४ |
| ७ | सम्पत्ति कर र नवीकरण खर्च | ६,५२१ |
| ८ | ऋणको ब्याज (घर खरिदमा) | ५८,९७०.४१ |
| ९ | ह्रास कट्टी तथा अपलेखन (राइटअफ) खर्च (सम्पत्ति) | ३४१,१०६.४१ |
| १० | अनुदान सहयोग खर्च | १११,८८९ |
| ११ | ब्याङ्क कमिसन | २,०५० |
| १२ | कर्मचारी उपदान कोष | ४३४,९७० |
| | **जम्मा खर्च** | **१,०५२,३८१** |
| **बाँकी मौज्दात रकम** | | **८७१,१६८** |





| **कोषको अवस्था (नगद तथा मौज्दात विवरण) ३२ असार २०६७ सम्ममा** | **रकम रु.** |
|---|---|
| नगद मौज्दात | १०,१५४.०० |
| ब्याङ्क मौज्दात | ५६४,४१७.०२ |
| नागरिक लगानी कोष (उपदान कोष) | ८६५,६४५.०० |
| सम्पत्ति (घर, जग्गा, मोटरसाइकल, फर्निचर, कम्प्युटर, फोटोकपी तथा अन्य साधन) | १५,३५६,४३५.०४ |
| पेश्की (वालासुन्दर देउजा) | ३५,०००.०० |
| लेखापरीक्षण शुल्क (तिर्न बाँकी) | (६५,०००.००) |
| उपदान कोष (तिर्न बाँकी) | (८६५,६४५.००) |
| **जम्मा** | **१५,९०१,००६.०६** |

## सहयात्री संस्था एवम् मञ्चमार्फत् उपयोग गरिएको बजेट विवरण: (आर्थिक वर्ष २०६६/६७)

| क्र.सं. | संस्था र सङ्गठन | उपयोग रकम |
|---|---|---|
| १ | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, स्रोत केन्द्र १, डडेल्धुरा | २,७९८,१४९ |
| २ | सामाजिक विकास तथा अनुसन्धान केन्द्र बाँके, स्रोत संस्था २ | २,९४७,३७० |
| ३. | सोसाइटी वेलफेयर एक्सन नेपाल (स्वान) दाङ, स्रोत संस्था ३ | २,१९९,५६६ |
| ४. | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, स्रोत केन्द्र ६ महोत्तरी | २,६१३,९६५ |
| ५. | जनचेतना दलित सङ्गम, सप्तरी, स्रोत संस्था ७ | २,६९२,५७३ |
| ६. | अभियान नेपाल, सुनसरी, स्रोत संस्था ८ | २,१६७,३०६ |
| ७. | राष्ट्रिय भूमिअधिकार मञ्च, नेपाल | ९०५,३१३ |
| ८. | जिल्ला भूमिअधिकार मञ्च, रुपन्देही | १५१,८२६ |
| ९ | जिल्ला भूमिअधिकार मञ्च, नवलपरासी | १७५,०६२ |
| १० | ग्रामीण सामुदायिक विकास केन्द्र (सिआरसिडी), बुटवल | ८१,८११ |

| | | |
|---|---|---|
| ११ | ग्रामीण विकास समाज, सिन्धुपाल्चोक | ९११,७२७ |
| १२ | सामुदायिक विकास तथा वातावरण संरक्षण मञ्च, सिपापोखरे | ६८९,९३० |
| १३ | किसान अधिकारका लागि सहयोगी समूह, सिन्धुपाल्चोक | ३९१,३८० |
| १४ | जिल्ला भूमिअधिकार मञ्च, रसुवा | १५०,५६२ |
| १५ | जिल्ला भूमिअधिकार मञ्च, सिन्धुपाल्चोक | ४०६,४२० |
| १६ | जिल्ला भूमिअधिकार मञ्च, पर्वत | २१५,१६२ |
| | **जम्मा** | **१९,५२३,१२२** |

**नवराज थपलिया : चार्टर्ड एकाउन्टेन्ट**

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको लेखापरीक्षणमा देखिएको सबल र सुधार गर्नुपर्ने पक्ष राख्न गइरहेको छु । यो वर्षदेखि आन्तरिक लेखाजोखा प्रणालीलाई पनि संस्थाले आत्मसात गरेको छ । आन्तरिक लेखापरीक्षणले व्यवस्थापनका भित्री कमजोरीलाई समयमै औल्याइदिने कार्य गर्छ । फिल्डमा लेखापरीक्षण टोलीले पनि भ्रमण गर्ने र वित्तीय वस्तुस्थितिबारे औल्याउने काम भइरहेको छ । संस्थामा अडिट समिति बनाइएको छ ।

आन्तरिक लेखा परीक्षणको काम र अडिट कमिटीको गठन पनि संस्थाको वित्तीय व्यवस्थापन प्रणालीको एउटा जिम्मेवार कार्य हो । उपलब्ध स्रोत सही ढङ्गले परिचालन गरेको देखिन्छ । साना विषयमा पनि ध्यान पुगेको छ । जस्तो टेलिफोन, गाडीको लगबुकसमेत व्यवस्थित छ । भूमिअधिकार अभियान गर्दा कार्यक्रमहरु होटेलमा नगरेर समुदायमै गरी कम खर्चमा गरेको पाइन्छ । बास्केट फण्ड र संस्थाको आन्तरिक कोषलाई छर्लङ्ग हुनेगरी राखिएको छ । जुन कुरा स्पष्टरुपमा देख्न सकिन्छ । आत्मनिर्भर केन्द्रले आफ्नो लेखापरीक्षण समयमै सम्पन्न गर्दै आएको छ । यो वर्षदेखि कर्मचारीलाई प्रोत्साहनका निम्ति उपदान व्यवस्था गरेको छ । संस्थाले जसरी पारदर्शीरुपमा हिसाव राख्दै आएको छ, त्यसैगरी स्रोत केन्द्र तथा संस्थालाई पनि सक्षम बनाउन जरुरी देखिन्छ । लेखापरीक्षण गर्दा स्रोत केन्द्र र संस्थाको कमजोरीका सवाल केन्द्रको आर्थिक लेखापरीक्षण





प्रतिवेदनमा जोडिएर आउँछ । यसर्थ पनि यो विषयमा ध्यान जान आवश्यक छ ।

**प्रेम विक : अभियानकर्ता, कैलाली**

२०६३ सालदेखि भूमिअधिकार अभियान सुरु गऱ्यौं । कैलालीको १० गाविस र २ नगरपालिकामा हाम्रो अभियान सञ्चालित छ । ४२ स्थानमा गाउँ भूमिअधिकार मञ्च गठन भएको छ । जसमा ५,१०० घर परिवार आबद्ध छन् ।

भूमिअधिकार अभियानका लागि कैलालीमा २ लाख २९ हजार ८ सय ८० रुपैयाँ आन्दोलन कोष जम्मा भएको छ । महिला सहकारी निर्माण गरेका छौं । सहकारीमा ३४ हजार ७ सय ५० रुपैयाँ जम्मा छ । हामी निरन्तर गरीबको अधिकारका लागि सङ्घर्षरत् छौं । भूमिअधिकार मञ्च गरीबहरुको सङ्गठनका रुपमा स्थापित भइसकेको छ । मञ्च र अभियानकर्मीबीच नङ र मासुको जस्तो सम्बन्ध छ । भूमिअधिकारबाट वञ्चितहरुको अधिकार स्थापना नगरेसम्म यो अभियान जारी राख्नेछौं ।

**पार्वती राजी : सङ्गठन अगुवा, बर्दिया**

बर्दियाको राजी समुदायबाट आएकी हुँ । राजी समुदायमा न बस्ने बास, न खाने गासको ठेगान छ । म यहाँ आए पनि मन सङ्गठन र घरमै छ । जबसम्म हामी भूमि प्राप्त गर्दैनौं, तबसम्म यो आन्दोलनमा लागिरहने छौं । यसका लागि जुनसुकै ठाउँमा जान पनि तयार छु । हाम्रो सम्पत्ति भन्ने केही पनि छैन । त्यसैले म बाँचुन्जेलसम्म यस आन्दोलनमा लागिरहनेछु ।

**कृष्ण चौधरी : अध्यक्ष, सोसाइटी वेलफेयर एक्सन नेपाल (स्वान)**

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको संयोजनमा भएको भूमि आन्दोलनले भूमिहीन गरीब जनतालाई आफ्नो अधिकारका लागि सुसूचित र सङ्गठित गरेको छ । अभियानले आफ्नो अधिकार पाउनका लागि आफैं लड्नुपर्छ भन्ने अठोटलाई गाउँगाउँमा जगाएको छ । गरीबले जमिन र सुरक्षित बास नपाउन्जेल लडाइँ लडिनै रहनुपर्ने

हुन्छ । हाम्रा कार्यक्रमहरुले गरीब जनतालाई आफ्नो अधिकारका लागि आफैं लड्नुपर्छ भन्ने सन्देश दिएको छ । कार्यक्रमले चाहे जस्तो सफलता हासिल गरेको छैन । हामी आन्दोलन गर्छौं । सरकार सम्झौता गर्छ तर कार्यान्वयन गर्दैन । आन्दोलन अति गरीब भूमिहीनले मानो मुठी उठाएर सञ्चालन गरेका छन् । गास र बासको ठेगान नभएको जनताका लागि आन्दोलन गर्न पक्कै पनि मुस्किल भएको छ ।

आन्दोलनमा खटिएकाको पारिश्रमिक अति न्युन छ । त्यसैले हामीले भने जति अभियानकर्ता निर्माण गर्न सकेका छैनौं । जबसम्म अभियानकर्मी आफै बलिया हुन सक्दैनन्, तबसम्म अरुको अधिकारका लागि लड्न सक्दैनन् भन्ने तथ्य हामीले मनन् गर्नुपर्छ ।

## रामअवतार हरिजन : पूर्णकालीन कार्यकर्ता, नवलपरासी

नवलपरासी जिल्लामा गाउँब्लक, उखडा, रैकर, ऐलानी जस्ता ११ खाले समस्या छन् । यी समस्या अहिलेसम्म ज्यूँका त्यूँ छ । राजनीतिक दल गाविसदेखि केन्द्रसम्म जुझारु, कर्मठ नेता छन् । उहाँहरुले पहल गरिदिनुभएको भए भूमिपिडितको पीडा सुनिदिएको भए, हाम्रो समस्या समाधान हुन्थ्यो । हामीले राजनीतिक दललाई दोष दिएको छैन, गाली गरेको छैन तर बेलामा काम नभएका कारणले कहिलेकाहीँ हामीले वाध्यतावश केही आफ्ना सवाल अगाडि ल्याउनुपरेको छ । हाम्रो अगाडि भूमिसुधार मन्त्री हुनुहुन्छ, हामी उखडाको विषयमा पटकपटक डेलिगेसन जाँदा पनि अहिलेसम्म समस्या समाधान हुन सकेको छैन ।

नवलपरासीमा नापी शाखाले गाउँब्लक जग्गा नापजाँच गरिराखेको छ । सुनवल र रामनगर दूईटा गाविस नापेर सकेको छ तर लालपुर्जा दिन सकेको छैन । यही तालले हाम्रो ७४ वटा गाविसमा नाप्दै गयो, कित्ताकाँट गर्दै गयो भने कति वर्ष लाग्ला ? कति वर्षसम्म हामी कुरेर बस्ने ? भूमिहीनको पीडा जहाँको त्यहीँ किन रह्यो ?

## पुतली तामाङ : सङ्गठन अगुवा, रसुवा

म २०६४ सालदेखि मञ्चमा सङ्गठित छु । हामीलाई जग्गा कसको नाममा छ र कहाँ जानुपर्छ भन्ने कसैलाई थाहा थिएन । भूमिअधिकार





मञ्चमा बसेपछि अलिकति चासो लाग्यो । हामी पुस्तौंदेखि जग्गामा परिश्रम गर्दै आएका छौं । माटो चिनेका छौं, जग्गा चिनेका छौं तर अङ्क चिनेका छैनौं । हामीले दुःख गरिरहेका छौं तर कसको नाममा जग्गा छ भन्ने कुरा हामीलाई थाहा थिएन । हामीले विर्ताका लागि आन्दोलन गऱ्यौं । निवेदन पनि दियौं । साउन मसान्तसम्म थाहा हुन्छ भनेर भन्नुभएको थियो तर मालपोतबाट केही खबर पाउन सकेका छैनौं । अझै पनि आन्दोलन गरिरहने छौं । हामीलाई जग्गा चाहिन्छ । जसमा महिला र पुरुषको संयुक्त लालपूर्जा हुनुपर्छ ।

## गनबहादुर क्याप्चाकी : सङ्गठन अगुवा, महोत्तरी

जन्मथलो उदयपुर हो । म ९ वर्षको हुँदा आमाबुबा बित्नुभयो । महोत्तरीको किसाननगरमा हरुवाचरुवा भएर १५ वर्ष बसें । अहिले महोत्तरीको किसाननगरमा राष्ट्रिय भूमिअधिकार मञ्चको चारघरे टोल छ । हामी ९८ जना सङ्गठित छौं । नजिकको गाउँमा सङ्गठन बनेपछि हामीले पनि किसाननगरमा सङ्गठन बनाएका थियौं । हामीसँग एक धुर पनि जग्गा छैन । भूमिअधिकार सङ्गठनमार्फत् खोला तथा जङ्गल छेउछाउको जग्गामा तरकारी खेती गरिराखेका छौं । ५/५ रुपैयाँको दरले समूहको कोषमा राख्ने गरेका छौं । सङ्गठनमा हप्ता हप्तामा छलफल र मासिक बैठक राख्छौं । अधिकारका लागि सङ्गठन लागि परिरहेको छ । समूहका केही साथीहरु खोइ त हामीलाई कहिले जग्गा मिल्छ भन्छन् तर मैले नआत्तिनूस्, पहिला सङ्गठन दह्रो बनाउनुपर्छ, हामी आफैं अधिकारका लागि लड्नुपर्छ भन्ने गरेको छु ।

## भोलादेवी सदा : सङ्गठन अगुवा, सप्तरी

भूमि प्राप्तिका लागि सङ्गठित भएका छौं । हाम्रो बस्तीमा १०५ घरधुरी छ । ६ विघा जग्गामा सामूहिक तरकारी खेती गरेका छौं । भएको आम्दानी केही सङ्गठन कोषमा राखेका छौं । केहीले जीविका चलाएका छौं । भूमिअधिकार सङ्गठनपश्चात् निरन्तर आन्दोलन, छलफल र सिडियो कार्यालयमा धर्ना दिई १०४ हेक्टर सामुदायिक वन सङ्गठनले दर्ता गरेको छ । जसबाट ४ लाख आम्दानी गरेका छौं । बाँझो जग्गामा सिसौ, आँप, कटहर, लिची लगाउन थालेका छौं ।

## गीता सिवा : पूर्णकालीन कार्यकर्ता, मोरङ

मोरङका दश गाविसमा १ वर्षदेखि भूमिअधिकार आन्दोलन सञ्चालन भएको छ । २३ वटा सङ्गठन छन् । जसमा ४४४ सदस्यता वितरण गरेका छौं । प्रथम जिल्ला सम्मेलन सम्पन्न गरियो । ९ हजार ५० रुपैयाँ आन्दोलन कोष सङ्कलन भएको छ । सङ्गठनका ३३ परिवारले १ विघा १४ कट्ठा जमिन पाउनुभएको छ । त्यो १ कट्ठा जग्गाको मूल्य २० लाख रुपैयाँ बराबर पर्छ । सुकुम्बासी आयोगसँग आलोचनात्मक तरिकाले अन्तरक्रिया र छलफल भइरहेको छ । सबै दलका प्रतिनिधिलाई सत्ताको लोभ नगरिकन गरीब जनताको जीवनस्तर उकास्नका लागि पहिला भूमिसुधार गर्नुपर्छ । जसका लागि अब बन्ने संविधानमा यी कुरा नछुटाइयोस् भन्ने हाम्रो माग छ ।

## ल्यामबहादुर दर्जी : सचिव, राष्ट्रिय भूमिअधिकार मञ्च, नेपाल

वर्ष दिनमा भेट नै भएछौ
एउटै बाटो, एउटै ठाउँ रहेछौ
हाम्रो सरोकार, अन्यायलाई न्यायमा बदल्ने
भूमिअधिकार.......................२

गरीबदेखि कोही कहिल्यै नहाँस
भूमि, कृषि जीविका त्यही आशा
हाम्रो सरोकार अन्यायलाई, न्यायमा बदल्ने
भूमिअधिकार..........................२

मेरो हजुरबुबा र बुबा हली हुनुहुन्थ्यो । म हलीबाट बेदखली भएको हुँ । मेरो परिवारलाई खेतीको कमाईले एक महिना पनि खान पुग्दैन । मेरो ६ जनाको परिवार छ । अरुको जमिन जोतेर जीविका गर्दै आएको छु । अरुको जमिन जोत्नुपर्दा आँखाबाट आँसु आउँछ । श्रीमतीको पनि जाँगर कस्तो होला ? आफ्नै जग्गामा मेहनत गर्न पाए कस्तो हुन्थ्यो भनेर सोच्छु ।

भूमिअधिकार आन्दोलनमा पेटभर खान नपाएका, अर्काको जमिनमा काम गर्दा हातखुट्टा र काँधका छाला मरेका व्यक्ति, चुह्लो बाल्न मुस्किल पर्नेहरु सङ्गठित छन् । आन्दोलनलाई राष्ट्रिय भूमिअधिकार





मञ्चले संयोजन गरेको छ । सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सघाएको छ ।

हामीले ११ दिनसम्म भूमिमा महिला अधिकार पैदल यात्रा गऱ्यौं । जसमा ३७७ जना दिदीबहिनी हुनुहुन्थ्यो । भूमिहीनको झुपडी झुपडी र समुदायमा पुगेका थियौं । यात्रामा दिदीबहिनीले दुःख साटासाट गरेका थिए । सङ्गठन सङ्गठनबाट मुठी सङ्कलन गरेर यात्रीलाई खाना खुवाए, फुलको थुङ्गा दिएर माटोको टीका लगाएर स्वागत गर्नुभयो ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, जसले अक्षर नचिनेका मान्छे, जसलाई समाजबाट बहिस्कृत गरिएको छ, उत्पीडनमा पारिएको छ, उनीहरुलाई सङ्गठित गर्ने काम गर्छ । यस्तो संस्था नेपालमा कमै पाइएला ।

राष्ट्रिय भूमिअधिकार मञ्च गठन भएको ६ वर्ष भयो । धेरै मान्छे यो आन्दोलनमा लागेका छन् । धेरैले विश्वास गरेका छन् । अभियानले जनमुखी शिक्षामार्फत् केही ज्ञान सिकाएको छ । स्थानीय स्रोतमा पहुँच बढ्न थालेको छ । सामुदायिक वन दर्ता गर्न थालेका छन् । बाँझो र बगरमा सामूहिक खेती गर्न थालेका छन् । यो आन्दोलनमा रातो दिन घाम पानी नभनी सबै भूमिअधिकारकर्मी खटेका छन् ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र आन्दोलनको हिसावले निरन्तर अघि बढ्नुपर्छ । कृषि अधिकार र सामुदायिक भूमिसुधारका नाममा उत्पादन बढी हुँदै जाने र अधिकारको पनि कुरा गर्दै जाने गर्दा आन्दोलनलाई तिखार्न भन्दा कतै सुधारवादी स्थितिमा पो फर्कन्छ कि ? यस विषयमा सोच्नुपर्छ । सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र राष्ट्रिय भूमिअधिकार मञ्चसँग गरीबले ठूलो आशा भरोसा गरिरहेका छन् । गाउँमा, सहरमा र विभिन्न अभियानकर्मीले सहयोग गरिरहेका छन् । यो आन्दोलनलाई संस्थागत विकास गर्ने भूमिका आगामी दिनमा कस्तो हुन्छ ? अझै पनि हामी कताकता अलमलमा छौं कि ? त्यसैले यसलाई संस्थागत बनाउन सोच्नुपर्दछ ।

☺☺

## खुला छलफल

### के.पी. खनाल : नेपाल एफएम

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले गरेका कामको कम मूल्याङ्कन गर्न हामी कसैले सक्दैनौ । भूमिसुधार आयोगले पेश गरेको प्रतिवेदन सार्वजनिक गर्ने र कार्यान्वयनका लागि आन्दोलन केन्द्रित गर्नुपर्छ । भूमिसुधार मन्त्रीले प्रतिवेदन कार्यान्वयन गरेरै छाड्छु भन्ने प्रतिबद्धता जनाउनुभएको थियो तर सार्वजनिकसम्म भएको छैन ।

### एक सहभागी

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले भूमिअधिकारको मात्र कुरा उठायो । नेपालमा कृषियोग्य जमिन बाढी पहिरोबाट बगरमा परिणत भएको छ । त्यसैले भूमिअधिकार सँगसँगै वृक्षारोपण र खेतीयोग्य जमिन बचाउनतिर पनि लाग्ने हो कि ?

### कुलबहादुर विक : नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ

सामाजिक लेखाजोखा गरेकामा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रलाई बधाई । जुन किसिमले समुदायदेखिको सवाललाई राष्ट्रिय स्तरसम्म ल्याएको छ, काठमाडौंका अन्य सङ्घ/संस्थाका लागि पनि यो उदाहरणीय हुन सक्छ । भूमिअधिकारको सवाललाई सम्बोधन गर्ने कि नगर्ने ? यहाँ सम्पूर्ण पार्टीका जिम्मेवार व्यक्तिदेखी मन्त्री पनि हुनुहुन्छ । केही कुरा बताउनुहुन्छ भन्ने अपेक्षा गरेको छु ।

### कृष्ण पाठक : लुथरन

आत्मनिर्भर केन्द्रलाई बधाई छ । एउटा राम्रो प्रक्रिया थाल्नुभएको छ । एक वर्ष नियाल्यो भने भूमिअधिकार आन्दोलन सशक्तरुपमा चलेको छ । राष्ट्रिय भूमिअधिकार मञ्चले आन्दोलनको नेतृत्व गरेको छ । संस्था अगाडि भूमिअधिकार आन्दोलन पछाडि हो कि ? यो संस्था र भूमिअधिकार आन्दोलनबीचको के सम्बन्ध छ ?





भूमिअधिकार आन्दोलनको सङ्गठन स्वरुप सानो गैरसरकारी संस्थाको संरचना जस्तो भयो कि ? एउटा प्रारम्भिक मञ्चमा गयो भने सानो संस्था सञ्चालनको कार्यसमिति जस्तो देखिएको छ । भूमिहीन जनताको सङ्गठन ठूलो फराकिलो आन्दोलन हाँक्न सक्ने बनाउने प्रक्रिया के हुन्छ ? त्यस्तै साँढे तीन करोड खर्च गरेर बाह्र करोड मूल्य बराबरको जमिन जनताको हातमा पर्‍यो, राम्रो देखियो । अघिल्लो वर्षहरुमा पनि धेरै जमिन हात परिसकेको छ । तर जमिन हात परेपछि आर्थिक, सामाजिक, सांस्कृतिक आयामहरुमा के परिवर्तन भयो ? ती मान्छेको जीवनमा के परिवर्तन आयो ? भन्ने कुरा जानकारी पाउन पाए राम्रो हुन्थ्यो । भूमिअधिकार आन्दोलन ठूलो र लामो आन्दोलन हो । यो तुरुन्त टुङ्गिनेखालको आन्दोलन छैन । राज्यसँग जोडिएको कुरा हो । यसलाई अथक परिश्रम र सङ्घर्ष चाहिन्छ । यसमा कति लागिरहने ? सभा, धर्ना जुलुस, यो राजनीतिक प्रकृतिको आन्दोलनको माहोल अगाडि बढेको छ । यसभन्दा बाहेक सपोर्ट गर्ने किसिमले संयन्त्र र प्रक्रिया के होला ?

यसमा लाग्ने व्यक्तिहरु भोलि निरुत्साहित नहुने, अविचलित भएर लाग्ने विधिहरु के होला ? यसबारे सोच्नुपर्छ ।

### कमल भण्डारी : फरेस्ट एक्सन

सामदायिक वन र जमिनका सवालमा धेरै द्वन्द्व बढिरहेका छन् । त्यो द्वन्द्व समाधान गर्न हामीले के/कस्ता खालका कार्यक्रम गरेका छौं ? एकातिर गरीब, भूमिहीन जनता वनमा बस्नुभएको छ भने अर्कोतिर त्यही समाजमा बस्ने अर्को पक्षले उहाँहरुलाई सामुदायिक वनबाट निकाल्ने समस्या देखिरहेको छु । राज्यबाट पनि कहिल्यै यसको सुनुवाई भएको पाइँदैन । सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र मञ्चले वन र जमिनबीचको द्वन्द्वलाई कसरी समाधान गर्नतिर अगाडि बढाउन खोजेको छ, यसबारे स्पष्ट पारिदिनुहुन अनुरोध गर्दछु ।

### हस्त पण्डित : सिन्धुपाल्चोक

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सिन्धुपाल्चोकको दुई वटा गाविसमा भूमिसम्बन्धी क्रियाकलाप गरिरहेको थियो । त्यसबेला साँच्चै भूमिहीनलाई जग्गा उपलब्ध गराउन र मोहीलाई मोहियानी हक

उपलब्ध गराउन अत्यन्तै राम्रो काम भयो । त्यस बेला अत्यन्तै दुखद् ढङ्गले संस्थाको अफिस लुटियो । सबै सामान तोडफोड भयो । कर्मचारी मुस्किलले जोगिन सफल हुनुभएको थियो । त्यस्तो परिस्थितिबाट आज यो अवस्थामा उहाँहरु आइपुग्नुभएको छ । यो राम्रो कुरा हो । अहिलेको परिस्थितिमा स्रोत साधन सबै सम्पन्न भइसक्दा सिन्धुपाल्चोकमै कार्यक्रम अलिक कम भएको हो कि भन्ने लाग्छ । यतातिर यहाँहरुको ध्यान जाओस् भन्ने अनुरोध गर्दछु ।

### कृष्ण सर्वहारी : अनुसन्धानकर्ता, मार्टिन चौतारी

चालीस जिल्लाका ५० जना सहभागी यहाँ हुनुहुन्छ र तपाईंहरुको सेडुअल हेर्दा ९ जनाले मात्र बोल्ने मौका पाउनुभयो । उद्घोषक महोदयले निकै दबाबमा राखेर समय कम छ भनेर भन्नुभयो । अहिले हाम्रो कुरा सुन्नुभन्दा पनि उहाँहरुको कुरा सुन्नुपर्छ । हामी पनि तपाईंहरुकै कुरा सुन्न चाहन्छौं ।

### राधा पौडेल : स्वतन्त्र सामाजिककर्मी

भूमिअधिकार आन्दोलनमा आत्मनिर्भर केन्द्रको भूमिका र योगदानलाई कसैले पनि नकार्न सक्दैन । सामाजिक लेखाजोखा मात्र नभएर धेरै अरु प्रमाण हाम्रासामु छन् । आर्थिक लेखाजोखासम्बन्धी प्रतिवेदन हेर्दा भूमिमा महिलाको सवाललाई अझै पनि पछाडि पारेको हो कि भन्ने महसुस गरें । भूमिमा महिलाको अधिकार हेर्नका लागि साझेदार संस्था कस्ता छन् ? उनीहरुको कार्यनीति कस्तो छ ? लैङ्गिक नीति कस्तो छ ? स्वयम् आत्मनिर्भर केन्द्रले पनि कति प्राथमिकतामा राखेको छ ? यी पक्षतर्फ ध्यान दिन आवश्यक छ ।

☺☺





## मन्तव्य

### सुवोधराज प्याकुरेल : अध्यक्ष, इन्सेक

हामी नागरिक अधिकारको उपयोग र भूमिअधिकारको अर्थात् आर्थिक अधिकार प्राप्त गर्ने कुरा गर्दैछौं । नागरिक अधिकारले आर्थिक अधिकारको माग गर्छ, त्यसको अनुगमन गर्छ र त्यसको विकास गर्छ । मेरा लागि यस कार्यक्रमको धेरै ठूलो महत्व छ । म भूमि विज्ञ नभए पनि मनमा जे जे कुरा लाग्ने गर्दथ्यो, त्यसैको पुनर्पुष्टि हुने काम भयो । पहिलो कुरा हाम्रो राज्यले नागरिकहरुसँग भएको भूमिको राष्ट्रिय अभिलेख जबसम्म तयार गर्दैन, तबसम्म हामीले जति कुरा गरे पनि यो समस्याको टुक्रे समाधान हुन्छ, समग्र समाधान हुँदैन । त्यसकारण भूमि अधिकार मञ्च र सामुदायिक आत्मनिर्भर केन्द्रलाई यस सन्दर्भमा आग्रह गर्दैछु कि एउटा राष्ट्रिय डकुमेन्ट, राष्ट्रिय दस्तावेजका लागि अब हामी संयुक्त पहल गरौं । देशभरिको नागरिक, राजनीतिक, सामाजिक अधिकारको क्षेत्रमा काम गर्ने, महिला अधिकार, दलित अधिकार, जनजाति अधिकार सबै अधिकारकर्मीले माग गर्नुपर्ने साझा मुद्दा भूमिको क्षेत्रमा के के छ ? नागरिकहरुको भूमिको सम्बन्धमा एउटा राष्ट्रिय अभिलेख तयार गर्नुपर्‍यो ।

दोस्रो कुरा, पछिल्लो चरणलाई हेरेर ल्याउने हो भने अहिलेसम्म ३ वटा भूमिसम्बन्धी आयोग बने । सबभन्दा राम्रो प्रतिवेदन बडाल आयोगको लाग्यो र त्यसयता जति आयोग बने, राजनीतिकरुपमा बेस्सरी गर्धन कोराकोर गरेर बसेका छन् । यो पछिल्लो आयोगको प्रतिवेदनउपर एउटा व्यापक बहस गरौं, त्यो आयोगको प्रतिवेदन र त्यसमा हाम्रो रायसल्लाहलाई समेत समेटेर एउटा असल दस्तावेज बनाऔं । त्यो दस्तावेजका आधारमा भूमिसम्बन्धी आन्दोलनलाई अगाडि बढाउँ ।

जनताले आफ्नो समस्याको समाधान आफैं गर्छन् । राज्यको काम सहजीकरण गर्नेमात्र हो । त्यसकारण राजनीति गर्नेहरुले, सरकार चलाउनेहरुले, राज्यका महत्वपूर्ण ओहोदामा बस्नेहरुले यो कुरामा ध्यान दिनुपर्‍यो । भूमि, जङ्गल, जलबीचको अन्तरसम्बन्ध हामीले ठम्याउन सकेका छैनौं । नेपालको भूमि तथ्याङ्कले के भन्छ भने करिव ८४ देखि ८६ प्रतिशत सरकारी भूमि छ र बाँकी रहेको १६ प्रतिशत

निजी भूमि छ । जसभित्र खेती गर्ने भूमि पनि पर्छ । यसमा झण्डै ३ हजार नदीनाला छन् । जसबाट हजारौं/लाखौं हेक्टर जमिन उकास गर्न सकिन्छ र त्यो जमिनलाई खेतीका लागि छुट्याइदिने हो भने खेतीमा आश्रित मान्छेहरुलाई भूमि पुग्छ । हाम्रो देशमा एउटा भ्रम छ, भूमिसुधारको कुरा गर्नासाथ धान, मकै, गहुँ, कोदो फलाउने खेतको मात्रै कुरा गरेको भन्ने बुझिन्छ । जबकि भू-उपयोगबारे चेतना फैलाउनका लागि तपाई हामीले गर्नुपर्ने धेरै काम बाँकी छ ।

संस्थागत प्रतिवेदन हेरें । तपाईंहरुको कुरा सुनें, मलाई खुशी लाग्यो तर त्यो खुशी सँगसँगै मैले अनुभूत गरें कि एक ठाउँमा जुन असल काम भयो, त्यो असल कामलाई सबैतिर प्रचारित गर्ने कसरी ? जनताले आफ्नो ज्ञानलाई उपयोग गरेर उनीहरुले उत्पादन बढाएका छन् । त्यसलाई अर्कोतिर आदान-प्रदान गर्ने कसरी ? तेस्रो कुरा, समुदायमा आधारित रहेर भूमिअधिकार मञ्च र आत्मनिर्भर केन्द्र राष्ट्रिय/अन्तर्राष्ट्रिय मान्यता पाउने ठाउँमा आइपुगेको छ । त्यसको अन्तर्राष्ट्रियकरण गर्ने कसरी ? यी हाम्रा गाउँघरमा बसेका किसान, मेहनती भूमिहीन उत्पादनशील नागरिकको कथालाई अन्तर्राष्ट्रिय मञ्चसम्म पुऱ्याउने कसरी ? त्यसका लागि आवश्यक पर्ने व्यवस्थापकीय गुणहरु बढाउने कसरी ? हाम्रो देशमा खोसाखोस, लुटालुट गर्ने खतरनाक रोगले छोएको छ र त्यही रोगको सिकार भूमिसम्बन्धी समस्या भएको छ । तमाम राजनीतिज्ञहरुले बुझून् कि जनतालाई समस्या थाहा छ, त्यसको समाधान पनि थाहा छ । तपाईंहरु त्यसलाई सहजीकरण गरिदिनुहोस् र किसानलाई पार्टीमा विभक्त नगरिदिनुहोस् । उनीहरुलाई किसान रहन दिनुहोस् । आदर्श किसानले तपाईंहरुलाई माया गर्नेछन् ।

### राजकुमार लेखी : अध्यक्ष, आदिवासी तथा जनजाति महासङ्घ

सामाजिक काममा लागेका विभिन्न सङ्गठनले वार्षिक लेखाजोखा गरेर आर्थिक पारदर्शिता र कार्यक्रमबारे जनतासामु राखेको मलाई पहिलो अनुभव भइरहेको छ । आत्मनिर्भर केन्द्रले चौथो पटक सामाजिक लेखाजोखा गरेर आफ्ना प्रगति र बजेट सार्वजनिक गर्नु अति नै अनुकरणीय कार्य हो । मुलुकमा थुप्रै जाति समुदाय सूचीकृत भएका छन् तर एउटा समुदाय आजसम्म सूचीकृत भएन, त्यो के भने विपन्न





समुदाय । विपन्न समुदायलाई अहिले राजनीतिक दलका नेताले पनि, कार्यकर्ताले पनि उठाउन छाडेको मैले महसुस गरिरहेको छु । तर आज यो कार्यक्रममार्फत् विपन्न समुदायका गरीब समुदायका भूमिहीनका कुरा प्रत्यक्ष सुन्न पाएँ । यस सन्दर्भमा खुशी व्यक्त गर्न चाहन्छु ।

भूमिअधिकारबाट वञ्चितहरुले जमिन जोत्नेहरुको पक्षमा जनमुखी भूमिसुधारका माग गरिरहेका छन् । यो मागलाई कुनै पनि राजनीतिक दल वा सरकारले पूरा गर्न सकेको छैन । राज्यलाई सम्बोधन गराउनका लागि तपाई हाम्रो भूमिका के हुन्छ भन्नेतिर ध्यान जानु जरुरी छ भन्ने लाग्छ ।

### अप्सरा चापागाई : अध्यक्ष, सामुदायिक वन उपभोक्ता महासङ्घ

खान पाउनु, बस्न पाउनु, लाउन पाउनु सबैको नैसर्गिक अधिकार हो । यस्तै अधिकारको मुद्दा लिएर आज आत्मनिर्भर केन्द्रले सामाजिक लेखाजोखा गरेको छ । यस अर्थमा पनि यो कार्यक्रमको महत्व छ । कार्यक्रमबाट सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालले सिक्न सक्ने थुप्रै कुरा पाएँ । १९/२० वर्ष भयो म यो क्षेत्रमा लागेर काम गरेको, मैले आफूले जानेको सिकेको के हो भने अधिकार भनेको मञ्चमा बसेर बोलेर अनि भाषणमा २/४ कुरा गरेर पाइने होइन ।

गरिबीले आत्महत्या गर्नेहरु बढिरहेका छन् । खान, लाउन र बस्न पाएका भए त्योखालको स्थितिमा पुग्ने थिएनन् । गरीबलाई अधिकार दिन सरकार र दलहरु इमानदार देखिएका छैनन् । बाहिर एउटा र भित्र अर्को कुरा भएपछि समस्या हुन्छ । अधिकारबिहीन जनता अब हामी चुप लाग्दैनौ, अब सङ्गठित भयौं । आफ्नै नेतृत्व पनि विकास गर्दै छौं, सुशासित छौं, तपाईंहरुले हामीबाट सिक्नूस् है भन्नेखालको कुरा हरेकको प्रस्तुतिबाट देखिएको थियो । त्यो कारणले गर्दा पनि हामी नीति-निर्माणमा बस्ने, सङ्गठनमा बस्ने, परियोजनामा बस्ने, विभिन्न संरचनामा रहेर कसका लागि काम गर्छौं भन्नेले पनि सिक्न जरुरी छ ।

खान, लाउन, बस्न पाउनुपर्ने अधिकार सुनिश्चित गर्नुपर्छ भन्नेमा सामुदायिक वन उपभोक्ता महासङ्घ नेपाल जहिले पनि सहकार्य र संघर्ष गर्न तयार छ । वन नमासौं, नफाडौं, त्यसको वैकल्पिक उपाय के हुनसक्छ ? त्यतातिर व्यवस्थित गर्नका लागि सिङ्गै राज्य जवाफदेही

हुनुपर्छ, जिम्मेवार हुनुपर्छ । सँगसँगै हामी सम्बन्धित निकायका मान्छे जिम्मेवारीपूर्ण ढङ्गले अगाडि बढ्न तयार छौं । यो आन्दोलनको सवालमा यहाँहरुले आन्दोलन कोष भनेर सुरु गर्नुभएको छ, वनकै कुरा गर्ने हो भने हामीले समूह गठन गरेर वन दर्ता गऱ्यौं । आम्दानी लिएर केही गरीबका लागि काम गर्न थालिसकेका छौं भन्ने कुरा यहाँहरुले राख्नुभएको छ । यो अभियानमा सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालले सहयोग गर्न सक्ने, समर्थन गर्न सक्ने त्यस्ता ठाउँ छन् भने हामी जहिले पनि सहकार्य गर्न तयार छौं ।

हामी चाहे जलको कुरा गरौं, चाहे जङ्गलको कुरा गरौं, चाहे जमिनको कुरा गरौं, यो एकापसमा अन्तरनिहित छ । त्यसैले हामी जस्ता महासङ्घ मिलेर काम अगाडि बढाइरहेका छौं । हाम्रो प्राकृतिक स्रोतको अधिकार स्थापना गर्नका लागि आफ्नो तर्फबाट सामूहिकरुपमा छलफल गर्ने, बहस गर्ने र सुझाव दिने काम पनि गरिरहेका छौं, निरन्तररुपमा हामी यो काम गर्छौं नै ।

यहाँ वास्तविक पीडितका कुरा सुन्दा राष्ट्रिय भू-उपयोग नीति बनाउने जस्ता महत्वपूर्ण कुराहरुमा यी सबै साथी, जो गाउँबाट आउनुभएको छ, उहाँहरुको प्रतिनिधित्व, सहभागिता हुन जरुरी रहेछ भन्ने मैले महसुस गरें । हामी एकातिर अधिकारका कुरा गर्दै जान्छौं वन, जल, जमिन भने अर्कोतिर राज्य लोकतान्त्रिक गणतन्त्र पनि भन्छ । अनि लोकतन्त्र, प्रजातन्त्र, गणतन्त्र जे जे कुरा भने पनि अधिकारचाहिँ विस्तारै विस्तारै खोस्ने प्रक्रिया पनि सुरु गर्दै गएको स्थितिमा छ । त्यसैले हामी एकजुट भएनौं, हामी सङ्गठित भएनौं भने यही छलफल, कार्यक्रमले मात्र समस्या समाधान हुन्छ जस्तो मलाई लाग्दैन । फेरि पनि तपाईंहरुको आन्दोलनमा हामी जहिले पनि सहकार्य गर्न तयार छौं, सहभागी हुन्छौं ।

**नेत्र तिम्सिना : अध्यक्ष, गैसस महासङ्घ**

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र गैसस महासङ्घ नेपालको एउटा सक्रीय सदस्य हो । गैसस महासङ्घ नेपालको ४ हजार ५ सय सदस्य अधिराज्यभर छन् । यसले एउटा सन्देश दिएको छ- गैससलाई थुप्रै आरोपहरु लगाउँछन्, पारदर्शी छैनन्, जवाफदेही छैनन्, के गर्छन् गर्छन्, जनतालाई पनि भन्दैनन्, राजनीतिज्ञलाई पनि भन्दैनन् भन्ने ।





यो प्रक्रिया वास्तवमा हाम्रा सदस्य संस्थाहरुले अभियानकै रुपमा चलाउनुपर्छ । यो आजको सन्देश यो सिकाई अरु विभिन्न सङ्घ/संस्थालाई पनि काम लाग्छ । अर्को यसले सन्देश दिएको छ- गैससहरु काठमाडौंमा मात्रै छैनन् तर साच्चै भूमिहीन, गरीब, दलित, महिलाहरुसँग पनि उनीहरुको सम्बन्ध छ । गैससहरु सामाजिक आन्दोलनलाई अगाडि बढाउन पनि प्रयत्नरत् छन् । तेस्रो सन्देश भनेको साझेदार संस्थाहरुलाई पनि आरोप छ, उनीहरुले कसलाई पैसा दिन्छन्, कहाँ पैसा दिन्छन् थाहा हुँदैन । यो पनि एउटा सिकाई भएको छ । समाज कल्याण मन्त्रीले कान्तिपुर टेलिभिजनमा बोल्नुभयो- यहाँ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैससहरु कति छन्, उनीहरुले २८ अरब पैसा ल्याउँछन्, अनि खान्छन् । जसलाई आफ्ना नाममा डलर एकाउण्ट खोलेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैससहरुसँग पैसा माग्यो भन्ने आरोप लागेको छ । त्यस कारणले यो अत्यन्तै बहसको विषय हो कि नेपालमा गैससहरुको उपस्थिति र उनीहरुको कामबारे जानकारी दिने कार्य यहाँबाट सुरु गरिएको छ, जुन अत्यन्तै राम्रो छ ।

भूमिअधिकार र मानवअधिकार अत्यन्त अन्तरसम्बन्धित छन् । गरिबी हुनु, पीडित भएर बस्नु, शक्तिहिन भएर बस्नु भनेको त्यो भन्दा चरम मानवअधिकारको हनन् केही हुँदैन । त्यसैले यो आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसँग जोडिएको छ । अर्को कुरा, भूमिको कुरा अलिक गाह्रो पनि छ । अलिअलि जमिन भएकाहरुका पनि जोत्ने मानिस नभएको अवस्था छ । प्रायः सबै जनशक्ति बाहिर गइरहेको अवस्थामा भूमिको, कृषिको विषयलाई कसरी हेर्ने भन्ने विषयमा समग्ररुपमा हेरिनुपर्छ । सबै गरीब खोलाको छेउमा बसेका कुराले गर्दा अहिले यो जलवायुसँग पनि जोडिएको छ । जसले भूमि जोत्छ, जो भूमिमा आश्रित हुन्छ, त्यसलाई मात्र भूमि दिने, खनजोत गर्न दिने गरियो भनेमात्र भूमिको समस्या समाधान हुन्छ । यो महत्वपूर्ण विषयलाई एउटा अभियानका रुपमा अगाडि बढाउँदै लैजाऔं । यो तपाईंहरुको भूमि आन्दोलन अगाडि बढोस्, यसमा हाम्रो ऐक्यबद्धता छ ।

**विमल फुयाल : देशीय निर्देशक, एक्सनएड नेपाल**

भूमिअधिकार आन्दोलनमा एक्सनएड नेपालसमेत हामी ६ वटा साझेदार संस्था पनि संगै छौं । आर्थिकरुपमा सहयोगभन्दा पनि भूमि र

समग्र कृषि अधिकारका लागि सहयोग गरिरहेका छौं । नेपालको विकास, गरिबहरुको अधिकार स्थापित गर्ने र लोकतन्त्रलाई बलियो बनाउने सवालसँग गाँसिएको छ । यो अभियानप्रति हाम्रो प्रतिबद्धता छ । हामीले सामाजिक लेखाजोखा गरिरहेका छौं । त्यसको महत्व र आफ्नो छुट्टै प्रक्रिया छ । खास गरेर एक्सनएडले जुन जुन जिल्लामा शिक्षा, भूमि, कृषिमा काम गरिरहेको छ, जे विषयका लागि काम गर्ने भनेर हामी त्यहाँ उपस्थित भएका छौं, त्यसको लेखाजोखा गर्ने अधिकार समुदायको हुन्छ, त्यहाँका नागरिकको हुन्छ । कार्यक्रम कार्यान्वयनमा मात्र सहभागी गराउने हैन । लेखाजोखामा पनि सहभागी हुने अधिकार हुनुपर्छ । जसअनुसार हामीले कार्यक्रम, रणनीतिक योजनालाई परिमार्जन गर्दै जानुपर्छ भन्ने लाग्छ ।

अहिले सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले के गर्‍यो भन्ने पारदर्शिताको कुरा मात्र नभई भूमिअधिकार आन्दोलन जसरी चलिरहेको छ, त्यसको नै लेखाजोखा गर्ने प्रक्रिया भएको हुनाले यसलाई सबै तहमा निरन्तरता दिनुपर्छ । अब भूमिअधिकार मञ्च, सामुदायिक आत्मनिर्भर सेवा केन्द्रलगायत् हामी ६ वटा अन्तर्राष्ट्रिय संस्था पनि यो अभियानमा छौं । भूमिअधिकार आन्दोलन ५० जिल्लामा उपस्थित भएको जानकारी पायौं । सायद उपलब्धिका कुरा धेरै आए । अब ५० जिल्लामा काम गरिरहेका छौं भने जस्तो बर्दिया या कुनै जिल्लामा भूमि र कृषिको सुधार यसरी हुनुपर्छ भन्नेखालको खाका आउनुपर्‍यो । हामीलाई भूमिअधिकार चाहिन्छ भनेर मागिरहनुपर्छ भन्दा पनि समग्ररुपमा भूमिसुधारको खाका अभियानहरुबाट पेश गर्नुपर्छ । दोस्रो कुरा, हामी यहाँ जो-जो बसिरहेका छौं, मूलरुपमा हामीले कृषि सुधार गर्नुपर्छ, भूमिसुधार चाहिन्छ भन्ने कुरा हामीले गरिरहेका छौं तर भूमिसुधारको कुरालाई चाहे नबुझेर वा विभिन्न किसिमको निहित स्वार्थ राखेर चाहिँदैन भन्ने, नकारात्मक दृष्टिकोणले हेर्ने व्यक्तिहरुसँग यसको विकल्पसहित छलफल अन्तर्क्रिया विचार विमर्श गरेर आउँदा दिनमा अघि बढ्न जोड दिनुपर्छ ।

जमिन टुक्राटुक्रा पार्ने, वितरण गर्ने कुरामात्र हामी गरिरहेका छैनौं । भूमिसुधार र समग्र कृषि सुधारका कुरासँग जोडेर गरिरहेको हुनाले भूमिसुधारको कुरा किन मानवअधिकारको कुरा हो ? किन यो लोकतन्त्र बलियो बनाउने कुरा हो ? किन नेपालको समुन्नतिसँग जोडिएको कुरा





हो भनेर लागेका छौं । यसमा बहस बढाउन आवश्यक छ । यो किसानको मात्र सवाल होइन । सम्पूर्ण नेपाली नागरिकको सवाल हो । यदि हामी विकास, लोकतन्त्र र समुन्नतिको कुरा गर्छौं भने सम्पूर्ण राजनीतिक दलको सवाल बन्नुपर्‍यो । भूमिअधिकार मञ्चका व्यक्तिहरु आफैं पीडित हुनुहुन्छ । उहाँहरुले अधिकारको कुरा उठाइरहनुभएको छ । त्यस ठाउँमा रहेका व्यक्तिले भूमिअधिकारबाट पीडितको मात्र छलफल भन्ने कुरालाई अलि फराकिलो बनाएर सिङ्गो राजनीतिक दलहरुको सवाल बन्नुपर्‍यो । अर्को नेपाली कङ्ग्रेसलगायत् कम्युनिष्ट पार्टीहरुको चुनावी घोषणापत्रमा हेरियो भने जसको जोत उसको पोतको कुरा उठाइएको छ । सभा-सम्मेलन-अधिवेशन हुँदा त्यसलाई पुनः सम्झेर यो एजेण्डा अझ बाँकी छ है भन्ने हिसावले विचार-विमर्श गरेर आउँदा दिनमा अगाडि लैजाउँ । हाम्रो एलाइन्सका तर्फबाट हामी प्रतिबद्ध छौं ।

## डा. छेवाङ शेर्पा : सदस्य सचिव, समाज कल्याण परिषद्

भूमिअधिकार मानव जीवन चक्र सञ्चालन गर्नका लागि साह्रै आवश्यक छ । मानव जीवनका लागि गास, बास र कपास पूर्ति गर्न भूमि आवश्यक पर्छ । भूमिका कारण हामी मानव र प्रकृतिको अन्तर्क्रिया हुन्छ । त्यो सन्तुलित अन्तरक्रिया गर्नका लागि भूमि नै चाहिन्छ । त्यस कारणले भूमिअधिकारको सवाल निकै महत्वपूर्ण भएको हामीले पहिचान गरेका छौं र सबै ठाउँमा हामी कुरा गर्छौं ।

समाज कल्याण परिषद् राष्ट्रिय र अन्तर्राष्ट्रिय गैससलाई समन्वय गरेर राज्यको आवश्यकता पूरा गर्न सघाउने काममा लागिरहेको छ । यो समाज रुपान्तरणका लागि ठूलो भूमिका, दायित्व र जिम्मेवारी लिएको राष्ट्रको अभिन्न अङ्ग हो । समाज कल्याण परिषदसँग आबद्ध २३१ वटा अन्तर्राष्ट्रिय गैसस छन् भने करिव ३१ हजार राष्ट्रिय गैसस छन् । त्यसमध्ये सामुदायिक आत्मनिर्भर सेवा केन्द्र एक हो । जसले आफूलाई उदाहरणका रुपमा प्रस्तुत गरेको छ । यसले हामीलाई खुसी बनाएको छ । परिषदले गैससले गरेका कामको अनुगमन र मूल्याङ्कन गर्ने कार्य तीव्र पारेको छ । तर पनि जिम्मेवार व्यक्तिहरुले आफ्नो जिम्मेवारी महसुस नगर्दा कतिपय कुरा गर्न खोज्दा ठूलो बाधा अड्चन झेल्नुपरेको अवस्था छ । भूमिहीनका लागि भूमि आवश्यक छ, यसका

लागि समाज कल्याण परिषद्‌बाट के गर्न सकिन्छ ? यहाँहरुलाई सहयोग गर्न समाज कल्याण परिषद् सदैव तयार छ ।

**भीम आचार्य : सचेतक, नेकपा एमाले**

आत्मनिर्भर केन्द्रले देशको विभिन्न भागमा कार्यक्रम सञ्चालन गरिरहेको छ । त्यसमा म सहयोगी हुँ । यो कार्यक्रम सफल होस्, यो राम्रो छ भनेर मैले सहयोग पुऱ्याउँदै आएको हो । त्यसको उपलब्धी के आएको छ, यो एक वर्षको बीचमा समय व्यस्तताको कारणले गर्दा मैले त्यसको प्रगति हेर्न पाएको छैन । भूमिअधिकार कार्यक्रमलाई सफल पार्न, अगाडि बढाउनका लागि हाम्रो आफ्नो ठाउँबाट भरपुर सहयोग हुनेछ ।

**लक्ष्मणप्रसाद घिमिरे : सचेतक, नेपाली कङ्ग्रेस**

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले गर्दै आएको वार्षिक लेखाजोखा महत्वको विषय हो । कुनै पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले यसरी आफ्नो आम्दानी र खर्च सार्वजनिक गरेको पहिलो चोटि देख्न पाएँ । त्यसका लागि सामुदायिक आत्मनिर्भर सेवा केन्द्रलाई धन्यवाद दिन चाहन्छु । संविधानसभाका सदस्यलाई प्रधान मन्त्री छान्न नसक्ने, संविधान बनाउन नसक्ने भनेर गालीगलौज गरिएको छ । यसमा सभासदहरु कोही कसैको गल्ती छैन । दोष छ भने पार्टी र पार्टीका नेताहरुलाई छ । सभासदहरु त यसमा भोट हाल भने हाल्नुहुन्छ । नहाल् भने हाल्नुहुन्न । यस सन्दर्भमा सभासदहरुलाई गाली गर्नु भनेको हामीले छानेर पठाएका प्रतिनिधिलाई गाली गर्नु हो । नेपाल सरकारबाट संविधानसभाको निर्वाचनपछि २ वर्षभित्रमा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको खर्चदेखि लिएर सिंहदरबार र हामी सभासद् सबैले खाएको तलब भत्ता १ अरब ५० करोड रहेछ । तर हाम्रो नाममा संविधानको निहुँमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ/संस्थाले ९१ अरब रुपैयाँ खर्च गरेका छन् । ती संस्थाले सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले गरेको जस्तै बजेट सार्वजनिक गरुन् ।

**पूर्णाकुमारी सुवेदी : उपाध्यक्ष, संविधानसभा**

कुनै पनि संस्थाको आफ्नो लक्ष्य र त्यसअनुसारको कार्यक्रम हुन्छ । त्यो सँगसँगै आफ्नो आधारभूत वर्ग, साङ्गठनिक संरचना र लक्ष्यप्रति





प्रतिबद्ध जनशक्ति हुन्छ । मैले बुझेको आत्मनिर्भर केन्द्रले आधारभूत वर्गबीच पुगेर जनशक्ति तयार पारेको छ । यसले गरीब वर्गको राजनीतिक चेतनाको विकास गर्ने र उनीहरुको सङ्गठन निर्माण गर्ने काममा जोड दिँदै आएको छ ।

संस्थाले विगतमा भएका उपलब्धि र कमी-कमजोरी सबैलाई सुनाउने, आफ्नै कोष बढाउने तरिका र दातृसंस्थाहरुबाट पाएको सहयोग (राष्ट्रिय/अन्तर्राष्ट्रिय) प्रस्तुत गरी संस्थालाई पारदर्शी र जवाफदेही बनाएको यहाँ स्पष्ट भइसकेको छ ।

आगामी योजनाका विषयमा भूमि अधिकारकर्मीहरुले, आफ्नो धारणा र समस्या राख्नुभयो । समस्या सँगसँगै समाधानको विषय पनि दिनुभएको छ । भूमिमा आफ्नो अधिकार नहुँदाको आक्रोश र पीडा मैले सबै देखेको छु । तपाईंहरु भूमिको स्रोत पत्ता लगाउनुहोस्, आफ्नो नजिकको भूमि कसले र कुन स्रोतबाट प्राप्त गरेको छ र त्यो किन बाँझो छ, त्यसमा तपाईंहरु किन आफूले खेतिपाती लगाउन पाउनुभएको छैन, त्यो विषयमा खोज गर्नूस्, बाँझो जग्गा नराख्ने नीति राज्यको हुनुपर्छ । यो भयो भने भूमिबिहीनले अधिकार प्राप्त गर्न सक्छन् ।

भूमिअधिकार भनेको नागरिकको हक हो । मानवअधिकारको विषय हो । आफ्ना समस्या मागका रुपमा आवाज उठाउँदै आउनुभएको छ र ती आवाज कहिले सुस्त पनि छन् र कहिले ती आवाज चर्का पनि भएका छन् । त्यो आवाजलाई तपाईंहरुको समस्या समाधान नहुँदासम्म, अधिकार प्राप्त नहुँदासम्म सुस्त होइन, सशक्तरुपमा उठाउने विश्वास लिएको छु । यो आन्दोलनमा मेरो सहयोग र समर्थन रहनेछ, यसमा मैले विगतका आन्दोलनमा ऐक्यबद्धता जनाउँदै पनि आएको छु । जल, जङ्गल र जमिनलाई कसरी व्यवस्थापन गर्ने, उपयोग कसरी गर्ने, जनशक्तिलाई कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा राज्यको एउटा नयाँ नीति हुनुपर्छ । नयाँ भूमि नीति, वैज्ञानिक नीतिअनुसार नै राज्यले नीति अगाडि बढाएर भूमिहीनका अधिकार सुनिश्चित हुनेछन् । फेरि तपाईंहरु चूप लागेर बस्नुभयो भने त्यो अधिकार प्राप्त हुने छैन ।

म संविधानसभा उपाध्यक्षको हैसियतले तपाईंहरुका समस्यालाई सम्बोधन गर्ने विषयमा सचेत रहनेछु । विषयगतरुपमा सहमति

नभएको विषयलाई संविधानसभाको एउटा प्रक्रियामा अगाडि बढाएर भए पनि समयमा नै संविधान लेखिनुपर्छ भन्ने मान्यताका साथ अगाडि बढेका छौं । त्यस कारणले यो विषयलाई तपाईंहरुले यसरी नै बुझिदिनुहुनेछ भन्ने लागेको छ ।

**डम्बरबहादुर श्रेष्ठ : मन्त्री, भूमिसुधार तथा व्यवस्था**

आत्मनिर्भर केन्द्रले आफ्नो वार्षिक उपलब्धि र आर्थिक प्रतिवेदनहरु राष्ट्रिय सामाजिक लेखाजोखा गरेर पारित गराउने प्रयत्न गरेको छ । दुई वर्षदेखि आत्मनिर्भर केन्द्रलाई बुझ्ने र चिन्ने प्रयत्न गर्दा यसले भूमिअधिकारबाट वञ्चित व्यक्ति र समुदायलाई सङ्गठित गर्ने, आन्दोलित गर्ने र अधिकार सम्पन्न गर्ने उद्देश्य लिई काम गरिरहेको छ । यो उद्देश्यअनुरुप अहिले सामाजिक आन्दोलन र सामाजिक सङ्गठनका रुपमा भूमिअधिकार मञ्च हाम्रो राष्ट्रमा उदाएको छ । यो कुनै राजनीतिक पार्टीभन्दा कम छैन । सङ्गठितरुपले राष्ट्रिय तहमा आफ्नो सङ्गठन लिएर आएको छ । यो सेवा केन्द्रकै योगदानले भएको मलाई लाग्छ ।

यहाँ धेरै जिल्लाका भूमिअधिकारकर्मी साथीहरुले कुरा राख्नुभएको छ । जसमा नवलपरासीबाट रामअवतार हरिजनले उखडाको सम्बन्धमा केही कुरा राख्नुभयो । २०६५ सालमा पुष्पकमल दाहालको नेतृत्वमा सरकार बन्यो । त्यस बेलामा बाबुराम आचार्यले उखडा समस्यालाई क्याबिनेटमा पुऱ्याउनुभएको थियो । त्यो विधेयक समितिमा गयो । समितिले मन्त्रालयलाई पठाइदियो । फेरि माधवकुमार नेपालको नेतृत्वमा बनेको सरकारमा म भूमिसुधार मन्त्रीको रुपमा सहभागी बनें । त्यसैले मैले यो समस्या समाधान गर्नुपर्छ भनेर क्याबिनेटमा प्रस्ताव लगें । क्याबिनेटमा कुनै समितिबाट कुनै प्रस्ताव पुग्यो भने त्यसलाई कार्यान्वयन गर्न वर्षौंवर्ष लाग्छ । मैले मन्त्री हुँदा यस्तो अनुभव गरें । धेरै लामो समय लगाएर यसलाई पारित गराउने कोसिस गरियो तर त्यो विधेयक समितिले पुनः मन्त्रालयमा फर्काइदियो । हामीले अहिले त्यो प्रस्तावलाई क्याबिनेटमा फेरि लैजानका लागि सहमतिको निम्ति अर्थ मन्त्रालयमा पठाएका छौं ।

अहिले हामी कामचलाउ मात्र भएका छौं । यहाँ गाउँब्लकको कुरा पनि उठेको थियो । २०२६ सालमा नापी गयो । नापीका कर्मचारीले साना





साना कित्तामा कित्ताकाँट गर्ने प्राविधिक नभएका कारणले ब्लकमा नापी गरेको भन्ने नापीका कर्मचारीको तर्क छ । तर हुनेखाने मान्छेहरुको सानासाना कित्तामा पनि नापी भएको देखेको छु । यो समस्याले अहिले ४१ वर्ष बेहोरिसकेछ ।

मैले तीन प्रकारका राज्य व्यवस्था  देखिसकेको छु । पञ्चायत काल, बहुदल काल र अहिले गणतन्त्र काल  । तर पनि यो समस्या समाधान भइसकेको छैन । म यो मन्त्रालयमा आइसकेपछि तीन वर्षको बीचमा ब्लकका सबै जग्गा नापिसक्नुपर्छ भनेर नापीको काम सुरु गराइसकेको छु । नवलपरासी, रुपन्देही, तनहुँमा नापीको काम सुरु भइसकेको छ र ब्लकमा बसोबास गर्ने परिवारले लालपूर्जा पनि पाएका छन् ।

विर्ताको कुरा २०१६ सालदेखि उठिरहेको छ । विर्ता उन्मूलन घोषणा भएको ५१ वर्ष भइसक्यो । खासगरी ख श्रेणीको विर्ता उन्मूलन नभएको देखिएको छ । त्यसैले २०६६ चैत मसान्तसम्ममा विर्ताका किसानले निवेदन दिइसक्नुपर्ने सूचना निकालिएको थियो । २०६७ चैत मसान्तसम्ममा विर्ताको सबै समस्या समाधान गर्ने भनी मन्त्रालयस्तरबाट निर्णय भइसकेको छ । आत्मनिर्भर सेवा केन्द्रले प्रस्तुत गरेको प्रगति प्रतिवेदनमा समेत ९ सय जना विर्ता किसानले निवेदन दिएको कुरा उल्लेख गरिएको रहेछ । हामीले २०६७ चैत मसान्तसम्ममा यी समस्या टुङ्गो लागेन भने नेपाल सरकारको नाममा राष्ट्रियकरण गरिनेछ । हामीले त्यो नीति लिइसकेका छौं ।

घनेन्द्र बस्नेतको अध्यक्षतमा वैज्ञानिक भूमिसुधारसम्बन्धी उच्चस्तरीय आयोग बन्यो । आयोगले समयमै प्रतिवेदन बुझाएको छ । यो प्रतिवेदन अहिले नेपाल सरकारको सम्पत्ति बनेको छ । तर नेपाली जनताको सम्पत्ति बन्न सकेको छैन । सरकारले जहिलेसम्म सार्वजनिक गर्दैन, त्यो नेपाली जनताको सम्पत्ति बन्न सक्दैन । केशव बडालको पालामा बनेको प्रतिवेदन पनि वैज्ञानिक भूमिसुधार गर्न सक्नेखालको प्रतिवेदन थियो तर सरकारले कार्यान्वयन गरेन । अहिले वैज्ञानिक भूमिसुधारसम्बन्धी उच्चस्तरीय आयोगले दिएको प्रतिवेदन विधेयक तथा आर्थिक समितिमा विचाराधीन छ । यदि त्यो प्रतिवेदन कार्यान्वयन गर्ने हो भने नेपालमा भूमिसुधार गर्न सकिन्छ ।

### डा. रोशन चित्रकार : अध्यक्ष, आत्मनिर्भर केन्द्र

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले चौथो पटक सफलपूर्वक सामाजिक लेखाजोखा सम्पन्न गरेको छ । अहिले साथीहरुबाट सामाजिक लेखाजोखा गर्ने यो संस्था पहिलो होला भन्ने कुरा आएको छ तर यहाँ केही राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरुले पनि सामाजिक लेखाजोखा गरेको कुरा जानकारी गराउन चाहन्छु । गत महिनामा मात्र एक्सनएड नेपालले सामाजिक लेखाजोखा गरेको थियो । यहाँहरुका सुझाव हामीले सहर्ष ग्रहण गरेका छौं । यहाँहरुलाई विश्वस्त गराउन चाहन्छु कि जसरी गत वर्षको लेखाजोखालाई लिपिबद्ध गरी त्यसको कार्ययोजना र कार्यक्रम बनाएर यहाँ वितरण गरिएको छ । यस्तो प्रक्रिया निरन्तर रहिरहन्छ । अर्को वर्ष यसरी नै प्रस्तुत गर्ने छौं । भूमिअधिकारको सवालमा महिलाको विषयमा धेरै आवाज आएन कि भन्नेखालको जिज्ञासा थियो । त्यसप्रति सम्पूर्णरुपमा सहमत छु । तर के विश्वास दिलाउन चाहन्छु भने महिला अधिकारको विषयमा काम भएको छ, बढी नभएको हुन सक्छ । साधारणसभाले पनि यस विषयमा विशेष छलफल गरेको छ । त्यसैले आत्मनिर्भर केन्द्रले भूमिमा महिला अधिकारसम्बन्धी काममा कति पनि कन्जुस्याइँ नगर्ने विश्वास दिलाउन चाहन्छु । आज यस कार्यक्रममा सक्रिय सहभागिताका लागि यहाँहरु सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

### ११ भाद्र २०६७, सामाजिक लेखाजाखाका भएको खर्च विवरण

| विवरण | खर्च रकम |
|---|---|
| फोटोकपी, ब्यानर र स्टेशनरी | १५,२३०/- |
| स्थानिय यातायात खर्च | ३,७९५/- |
| ब्याङ्केट्स्मा खाना तथा हल (१८८ जना ६१० का दरले) | ११४,६८०/- |
| काठमाडौं बाहिरका सहभागी यातायात तथा खाना खर्च | ६०,८६२/- |
| कोल्डड्रिङ्क्स् | ३,८९५/- |
| **जम्मा** | **१९८,४६२/-** |

☺☺





## कार्यक्रम झलक













## सहभागी

| क्र.सं. | नाम थर | संस्था/सङ्गठन |
|---|---|---|
| १ | चक्रबहादुर आग्री | आर.डि.एन. नेपाल |
| २ | रामशरण बिष्ट | ए.पि.एफ. |
| ३ | शिव तामाङ |  |
| ४ | मधुकर खड्का | नेपाल टेलिभिजन सेरोफेरो |
| ५ | विनोदकुमार लामिछाने | सेलर्ड |
| ६ | लक्ष्मी वड | आत्मनिर्भर केन्द्र |
| ७ | अप्सरा चापागाईं | फेकोफन |
| ८ | सुवोधराज प्याकुरेल | इन्सेक |
| ९ | विमल फुयाँल | एक्सनएड नेपाल |
| १० | रामरती राम | सभासद्, नेकपा एमाले |
| ११ | रामचन्द्र यादव |  |
| १२ | राधा पौडेल |  |
| १३ | एन.आर. थपलिया |  |
| १४ | नेत्र तिम्सिना | गैसस महासङ्घ |
| १५ | ओमप्रकाश त्रिपाठी | सि.आर.सि.डि |
| १६ | आशाराम चौधरी | स्वान |
| १७ | जगवीर चौधरी | स्वान |
| १८ | कृष्णकुमारी चौधरी | स्वान |
| १९ | पूर्णबहादुर सुनार | सि.एस.डि.आर |
| २० | प्रेम वि.क. | कैलाली |
| २१ | दुर्गा भट्ट | कालिका भूमि अधिकार मञ्च |
| २२ | ललिता पुरी | सि.एस.डि.आर |
| २३ | पार्वती राजी | सि.एस.डि.आर |
| २४ | लालमणि भण्डारी | स्वान |
| २५ | नरीराम लोहार | आत्मनिर्भर केन्द्र |
| २६ | रामजीप्रसाद वजगाईं | आत्मनिर्भर केन्द्र |
| २७ | गनबहादुर क्याप्छाकी | किसाननगर भूमिअधिकार मञ्च |
| २८ | सोनावती महरा | आत्मनिर्भर केन्द्र, महोत्तरी |

| | | |
|---|---|---|
| २९ | शिवप्रसाद पासवान | जनचेतना दलित सङ्गम |
| ३० | भोलादेवी सदा | जनचेतना दलित सङ्गम |
| ३१ | रुको सदा | जनचेतना दलित सङ्गम |
| ३२ | रामअवतार हरिजन | नवलपरासी भूमिअधिकार मञ्च |
| ३३ | पुतली तामाङ | रसुवा भूमिअधिकार मञ्च |
| ३४ | ल्यामबहादुर दर्जी | राष्ट्रिय भूमिअधिकार मञ्च |
| ३५ | सरस्वती सुब्बा | राष्ट्रिय भूमिअधिकार मञ्च |
| ३६ | सोमप्रसाद भण्डारी | राष्ट्रिय भूमिअधिकार मञ्च |
| ३७ | मानबहादुर क्षेत्री | आत्मनिर्भर केन्द्र |
| ३८ | दीपेन्द्रराज कार्की | अभियान नेपाल |
| ३९ | गीता सिवा | अभियान नेपाल |
| ४० | दुर्गा राई | अभियान नेपाल |
| ४१ | विष्णु पोखरेल | सि.एस.डि.आर. |
| ४२ | गीता पण्डित | आत्मनिर्भर केन्द्र |
| ४३ | रेणुका पौडेल | आत्मनिर्भर केन्द्र |
| ४४ | कुमार थापा | आत्मनिर्भर केन्द्र |
| ४५ | गुञ्ज खड्का | आत्मनिर्भर केन्द्र |
| ४६ | सरिता लुइँटेल | आत्मनिर्भर केन्द्र |
| ४७ | जगत बस्नेत | आत्मनिर्भर केन्द्र |
| ४८ | जगत देउजा | आत्मनिर्भर केन्द्र |
| ४९ | माधवप्रसाद सिग्देल | युथ एफ.एम |
| ५० | रामजी ढकाल | आत्मनिर्भर केन्द्र |
| ५१ | देवेन्द्रराज अधिकारी | - |
| ५२ | योगेश पोखरेल | द राइजिङ नेपाल |
| ५३ | शिलु घिमिरे | आर.डि.एन |
| ५४ | अनिल लामा | एन.आइ.डि |
| ५५ | सुरेश ढकाल | आत्मनिर्भर केन्द्र |
| ५६ | बालकृष्ण शर्मा | मेडिया कन्सर्न |
| ५७ | राजेन्द्र भट्ट | नेपाल टेलिभिजन |
| ५८ | कृष्ण पाठक | लुथरन |
| ५९ | शम्भु सापकोटा | ग्रामिण विकास समाज, सि.पा. |





| | | |
|---|---|---|
| ६० | महेन्द्र के.सी. | इन्टेल मिडिया |
| ६१ | रसीला श्रेष्ठ | मेडिया कन्सर्न |
| ६२ | घनश्याम पाण्डे | - |
| ६३ | गङ्गा पराजुली | एक्सन एड नेपाल |
| ६४ | शशिकला दाहाल | आत्मनिर्भर केन्द्र |
| ६५ | बालकृष्ण देउजा | मेलम्ची सरोकार समूह |
| ६६ | राजकुमार लेखी | नेपाल आदिवासी जनजाति महासङ्घ |
| ६७ | कृष्णराज सर्वहारी | स्वतन्त्र पत्रकार |
| ६८ | विशाल ताम्राकार | मेडिया ग्रुप |
| ६९ | लालमणी जोशी | भूमिसुधार तथा व्यवस्था मन्त्रालय |
| ७० | कुलबहादुर बि.क. | एन.एन.डि.एस.डब्लु.ओ |
| ७१ | रत्न गुरुङ | सभासद्, नेकपा एमाले |
| ७२ | गणपति ओभ्का | - |
| ७३ | पुष्प ढुङ्गाना | नेपाल एफएम |
| ७४ | मुकुन्द कट्टेल | डानिडा हुगो |
| ७५ | मोहन थापा | कन्सल्टेन्ट |
| ७६ | प्रकाश शर्मा | आई.एल.ओ. |
| ७७ | विष्णु चौधरी | स्वान |
| ७८ | सर्वराज खड्का | आर.आर.एन |
| ७९ | उत्तम घिमिरे | |
| ८० | रीता आचार्य | राष्ट्रिय भूमिअधिकार मञ्च |
| ८१ | श्यामकृष्ण कोजू | प्रगतिशील रुपान्तरण |
| ८२ | हरि पुडासैनी | आत्मनिर्भर केन्द्र |
| ८३ | सुमित शर्मा | जी.एम.सि |
| ८४ | बाबुराम आचार्य | - |
| ८५ | रोशन चित्रकार | आत्मनिर्भर केन्द्र |
| ८६ | के.पी. खनाल | नेपाल एफ.एम |
| ८७ | रश्मी महर्जन | हिमवन्ती नेपाल |
| ८८ | प्रवीण अमात्य | डानिडा हुगो |

| | | |
|---|---|---|
| ८९ | भागीराम चौधरी | आत्मनिर्भर केन्द्र |
| ९० | कृष्ण चौधरी | स्वान |
| ९१ | तारा सिंह | स्वान |
| ९२ | श्याम महर्जन | इन्सेक |
| ९३ | चन्द्रकान्त अर्याल | फेकोफन |
| ९४ | सुनिता अधिकारी | |
| ९५ | दीपराज घिमिरे | |
| ९६ | नारायण भण्डारी | न्युज २४ |
| ९७ | माधव नेपाल | न्युज २४ |
| ९८ | ज्योति सासंकर | आत्मनिर्भर केन्द्र |
| ९९ | राजकुमार त्रिखत्री | एक्सन एड नेपाल |
| १०० | डा. छेवाङ लामा | समाज कल्याण परिषद् |
| १०१ | राजु जोशी | समाज कल्याण परिषद् |
| १०२ | असीम बासकोटा | सि.एन |
| १०३ | राजेश ढुङ्गेल | अक्सफाम |
| १०४ | मिन शाही | किर्डाक |
| १०५ | विष्णु गुरुङ | सुस |
| १०६ | प्रतीक महर्जन | न्युज २४ |
| १०७ | जनककुमारी चालिसे | सभासद्, नेकपा माले |
| १०८ | विष्णु उप्रेती | एन.सि.सि.आर. |
| १०९ | ललिता शाह | सभासद्, मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) |
| ११० | रघुनाथ लामिछाने | नागरिक दैनिक |
| १११ | डम्बर श्रेष्ठ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय |
| ११२ | विष्णु गिरी | संसद संविधान |
| ११३ | रामशरण घिमिरे | संसद संविधान |
| ११४ | पुरनसिंह दयाल | सभासद्, एमाले |
| ११५ | सुभाष गौतम | अभियान नेपाल |
| ११६ | पूर्णमान श्रेष्ठ | एक्सनएड नेपाल |
| ११७ | कृष्ण सुवेदी | सि.एन |





| | | |
|---|---|---|
| ११८ | कमल भण्डारी | फरेस्ट एक्सन |
| ११९ | तीर्थराज जोशी | अक्सफाम |
| १२० | रुचि थापा | एकोराव |
| १२१ | प्रमोद तुलाधर | एकोराव |
| १२२ | लक्ष्मी प्रसाई | - |
| १२३ | शान्ता चौधरी | सभासद्, नेकपा एमाले |
| १२४ | दीप मगर | ओ.एच.सि.एच.आर नेपाल |
| १२५ | जगन्नाथ | - |
| १२६ | विजय भट्टराई | सि.ए.एन |
| १२७ | जीवनकुमार निरौला | सि.ए.एन |
| १२८ | राजेन्द्र दयाल | - |
| १२९ | श्रवण | सि.ई.एस.ओ.डि |
| १३० | दीनामणी पोखरेल | डेभलप्मेन्ट ल एसोसिएट |
| १३१ | भोजमान चौधरी | आत्मनिर्भर केन्द्र |
| १३२ | एकलाल श्रेष्ठ | प्र.स.अ. |
| १३३ | सूर्य पौडेल | अकोराव |
| १३४ | गोपाल तामाङ | संसद सचिवालय |
| १३५ | कुवेर शाही | संसद, सचिवालय |
| १३६ | पूर्ण नेपाली | भूमि अनुसन्धानकर्ता |
| १३७ | हस्त पण्डित | नेकपा एमाले, सिन्धुपाल्चोक |
| १३८ | शर्मिला चालिसे | आत्मनिर्भर केन्द्र |
| १३९ | अभा जोशी | वल्ड नेर्वस |
| १४० | चेली गुरुङ | यु.एम.एन |
| १४१ | पूर्णाकुमारी सुवेदी | उपाध्यक्ष, संविधानसभा |
| १४२ | लक्ष्मणप्रसाद घिमिरे | प्रमुख सचेतक, नेपाली कङ्ग्रेस |
| १४३ | किरण गुरुङ | सभासद्, नेकपा एमाले |
| १४४ | नेत्रप्रसाद पन्थी | सभासद्, नेकपा एमाले |
| १४५ | लोकबहादुर देउजा | श्री तेर्से मा.वि. |
| १४६ | डम्बरबहादुर खड्का | नेकपा एमाले सभासद् |
| १४७ | बालकृष्णलाल जोशी | समग्र |
| १४८ | युवराज घिमिरे | समय रिसर्च सेन्टर |

| | | |
|---|---|---|
| १४९ | भेषबहादुर कार्की | भूमिसुधार तथा व्यवस्था मन्त्रालय |
| १५० | रामजीप्रसाद न्यौपाने | सि.सि.ओ. |
| १५१ | सरेश नेपाल | एन.एल.आर.सि.जि., नेपाल |
| १५२ | कल्पना धमला | सभासद, माओवादी |
| १५३ | सुरेन्द्र सुवेदी | कान्तिपुर, पत्रकार |
| १५४ | दीपेन्द्र काफ्ले | न्यु एरा |
| १५५ | भीम आचार्य | प्रमुख सचेतक, नेकपा एमाले |
| १५६ | घनेन्द्र बस्नेत | पूर्व अध्यक्ष, भूमिसुधार आयोग |
| १५७ | विनोद लुइँटेल | टी.यु. |
| १५८ | डि बस्नेत | एन.बि.ए. |
| १५९ | शिव शर्मा | एन.एल.ए |
| १६० | हरिबोल गजुरेल | एनेकपा माओवादी |
| १६१ | मुरारी शिवाकोटी | डानिडा |
| १६२ | श्याम श्रेष्ठ | सि.एम.डि.पि. |
| १६३ | शर्मिला कार्की | जागरण नेपाल |
| १६४ | अरुण नेपाल | एक्सनएड नेपाल |
| १६५ | माधव रेग्मी | भूमिसुधार तथा व्यवस्था मन्त्रालय |
| १६६ | द्रोण पोखरेल | भूमिसुधार तथा व्यवस्था मन्त्रालय |
| १६७ | DESPEN ELIAS LAUNIOSEN | एक्सनएड, अन्तर्राष्ट्रिय |
| १६८ | JORGE PLOMANO | एक्सनएड, अन्तर्राष्ट्रिय |
| १६९ | कलानिधि दाहाल | भूमिसुधार तथा ब्यवस्था मन्त्रालय |
| १७० | लक्ष्मण हमाल | भूमिसुधार तथा व्यवस्था मन्त्रालय |
| १७१ | कृष्णराज बि.सि. | भूमिसुधार तथा ब्यवस्था मन्त्रालय |
| १७२ | शोभाकर पराजुली | सभासद, नेपाली कङ्ग्रेस |
| १७३ | विन्दा पाण्डे | सभासद्, नेकपा एमाले |





| | | |
|---|---|---|
| १७४ | केशव बडाल | एन.आर.बी |
| १७५ | महेन्द्र देउजा | ठमेल |
| १७६ | लोकबहादुर थापा | ठमेल |
| १७७ | हरिचन्द्र श्रेष्ठ | ठमेल |
| १७८ | निलबहादुर शाही | ठमेल |
| १७९ | प्रवीण जोशी | सि.ए. |
| १८० | सागरराज शर्मा | काठमाडौं विश्व विद्यालय |
| १८१ | जुलिया चित्रकार | सि.एस.जी.एस |
| १८२ | प्रशान्त उप्रेती | रिजेन्सी ट्राभल |
| १८३ | पूर्णचन्द्र पौडेल | रिजेन्सी ट्राभल |
| १८४ | भीमसेन बस्नेत | आत्मनिर्भर केन्द्र |
| १८५ | सविता लामा | इन्द्रपुरी आवास क्षेत्र |
| १८६ | विनोदकुमार पौडेल | फेकोफन रसुवा |
| १८७ | पुष्कर आचार्य | आत्मनिर्भर केन्द्र |
| १८८ | राधा चापागाई | आत्मनिर्भर केन्द्र |

◆◆◆